अध्याय १५

# विद्यालय शिक्षा सम्बन्धी नीति निर्माण प्रक्रियामा पेसागत संघ-संगठनको प्रभाव

**देवेन्द्र उप्रेती**

## परिचय

वि.सं. २०४६ को राजनीतिक परिवर्तनपछि विद्यालय शिक्षाको "गभर्नेन्स" प्रक्रिया—शिक्षा ऐनको संशोधन र विद्यालय शिक्षा सुधारमा केन्द्रित बृहत् परियोजना—को (अ)सफलतामा नागरिक समाजको एक हिस्सा शिक्षक संघ-संगठनको भूमिकामाथि यो लेख केन्द्रित छ ।[1] विश्वभर राज्य र नागरिकबीच मध्यस्थता गर्ने नागरिक समाजका अन्य अवयव जस्तै शिक्षकका पेसागत संघ-संस्थाले समेत शिक्षाका मूलभूत मुद्दामा राज्य र नागरिकबीच "मध्यस्थता" गर्छन् (मेयर र बैंड सन् २००१; हेकक सन् २०१४) । मध्यस्थताको स्वरूपमा भने संसारभर प्रशस्तै विविधता देखिन्छ । शिक्षकका पेसागत संघ-संस्थाबारे भएका केही अध्ययनले शिक्षा नीति बनाउने र शैक्षिक सुधार सम्बन्धी विभिन्न योजना कार्यान्वयनमा उनीहरूको महत्त्वपूर्ण प्रभाव रहने देखाएका छन् (मोइ सन् २००३, २०११; कोहेन र

[1] केही समाज अध्येताले राज्य, परिवार र बजारभन्दा पृथक रहेर नागरिक तहमा स्थापना भई सार्वजनिक हितका लागि सक्रिय समूह/संस्थालाई नागरिक समाजको रूपमा व्याख्या गरेका छन् (मेयर सन् २००१; काल्डर सन् २००३; क्लार्क सन् २००८; बस्नेत सन् २०१२) । संयुक्त राष्ट्र संघले निश्चित उद्देश्य, विचार वा दर्शनको विस्तारका लागि स्वैच्छिक रूपले गठित "एशोसिएशन अफ सिटिजन्स" लाई नागरिक समाजका रूपमा अर्थ्याएको छ । यसभित्र पेसागत संघ-संगठन, ट्रेड युनियन र गैरसरकारी संस्था आदि पर्छन् (संयुक्त राष्ट्र संघ सन् २००४) । यी परिभाषाले पेसागत हकहितका लागि शिक्षकले गठन गरेका संघ-संस्थालाई समेत नागरिक समाजका अंगका रूपमा स्वीकार गर्छन् ।

स्ट्रंक सन् २०१४; गोभिन्दर सन् २००८) । राजनीतिशास्त्री टेरी यम मोइले अमेरिकी शिक्षा प्रणालीभित्र शिक्षक संघ-संगठनहरू "प्रभावशाली समूह" भएको बताउँदै उनीहरू सार्वजनिक शिक्षा प्रणालीको सुधारमा बाधक बनेको तर्क गरेका छन् । उनका अनुसार अमेरिकामा तल्लो तहमा सामूहिक सौदाबाजी (कलेक्टिभ बार्गेनिङ) मार्फत र नीति निर्माण तहमा राजनीतिक पहुँचका आधारमा तिनले समग्र शिक्षा प्रणालीलाई प्रभाव पारिरहेका छन् (मोइ सन् २००३, २०११, २०१७) । दक्षिण अफ्रिकामा भएको एक अध्ययनले शिक्षकका पेसागत संघ-संस्थाले शिक्षकको नियुक्ति, सरुवा/बढुवामा नाजायज तवरले दबाब दिने गरेको विषयलाई देखाएको छ (रामोक्गोत्स्वा सन् २०१५) । त्यसै गरी, भारतमा शिक्षक संघ-संगठन पेसागत भूमिकामा मात्र सीमित नभई दलीय राजनीति (विशेष गरी चुनावका समय) मा समेत संलग्न देखिन्छन (बेटेले, किङ्डन र मुजाम्मिल सन् २०१७) ।

अन्य देशमा झैँ नेपालमा पनि शिक्षक र तिनका पेसागत संघ-संगठन दलीय राजनीतिमा सक्रिय छन् (अर्याल २०६९; विश्वकर्मा २०७३; माली २०७३) । यो तथ्यले नेपालका शिक्षक संघ-संगठन राजनीतिक रूपमा सैद्धान्तिक/व्यावहारिक हिसाबले अभ्यस्त (प्रशिक्षित पनि) नागरिक समाजका अंग हुन भन्ने जनाउँछ । राजनीतिक रूपमा अभ्यस्त संस्थाले समग्र शिक्षा प्रणालीमा के-कस्तो प्रभाव पार्न सक्छन् भन्ने अनुसन्धानको चाखलाग्दो विषय समेत हो ।

नेपाली सन्दर्भमा विद्यालय शिक्षाको "गभर्नेन्स" प्रक्रिया मूलत—शिक्षा नीति, शिक्षा ऐनको संशोधन र विद्यालय शिक्षा सुधारमा केन्द्रित बृहत् परियोजनाको सफलता/असफलता—मा शिक्षकका पेसागत संघ-संगठनको प्रभाव के-कस्तो छ भन्ने विषय धेरै जटिल र अनुत्तरित छ । यसअघि भएका सीमित अध्ययनले शिक्षा नीति बनाउने प्रक्रियामा दातृ निकायको भूमिका महत्त्वपूर्ण हुने तर्क गरेका छन् (कार्ने र विष्ट सन् २००९; र्‍याफ्ले सन् २०११; भट्ट सन् २०११; रेग्मी सन् २०१५) । साथै, केही अध्ययनमा दातृ निकायबाट सञ्चालित शिक्षा सुधार परियोजनाले राम्रोसँग गति लिन नसक्नुमा शिक्षक संघ-संगठनको राजनीति/विमति पनि एउटा कारण रहने उल्लेख छ (भट्ट सन् २००५; सेरिड सन् २००९; कार्ने, विष्ट र एगर्गार्ड सन् २००९; खनाल सन् २०११, सन् २०१२; पौडेल सन् २०१५) । यद्यपि, यी अध्ययनले विद्यालय शिक्षाको समग्र सञ्चालन प्रक्रिया (शिक्षा ऐनको संशोधन र शिक्षा सुधार परियोजना) मा शिक्षक संघ-संगठनका भूमिकालाई सही रूपमा पहिल्याउन सकेको छैन । विशेष गरी २०४६ सालको राजनीतिक परिवर्तनपछि विद्यालय शिक्षाको क्षेत्रमा प्रभावशाली देखिएका शिक्षक संघ-संगठनको भूमिकाबारे गहिरो जानकारीबिना नेपालमा शिक्षा ऐन बन्ने/संशोधन हुने प्रक्रिया बुझ्न कठिन छ । त्यसका लागि शिक्षा सम्बन्धी नीति निर्माणमा उनीहरूको संलग्नता र त्यसले पार्ने प्रभावबारे खोजी गर्नु आवश्यक छ । यो लेखको उद्देश्य त्यसैको खोजी र विश्लेषण गर्नु हो ।

यो लेखमा *शिक्षा ऐन, २०२८* को पछिल्ला तीन (सातौँ, आठौँ र नवौँ) संशोधनका बेलामा शिक्षक संघ-संगठनको भूमिकाको लेखाजोखा गरिएको छ । त्यसका आधारमा २०४६ सालपछि विद्यालय शिक्षाको "गभर्नेन्स" प्रक्रियामा शिक्षक संघ-संगठन शक्तिशाली "खेलाडी" का रूपमा रहेको तथा तिनको सहमति बेगर विद्यालय शिक्षा सम्बन्धी ऐन कानून बनाउन मात्र होइन शिक्षा केन्द्रित परियोजना सञ्चालन गर्न समेत कठिन रहेको तर्क यहाँ गरिएको छ । साथै, सार्वजनिक क्षेत्र (यहाँ विद्यालय शिक्षा) मा हुने "अनियमितता" लाई केवल आर्थिक लेनदेन वा कानूनी अधिकार दुरुपयोगको साँघुरो बुझाइमा मात्र सीमित नराखी यस्तो अनियमितता कसरी नीतिगत निर्णय वा कानूनी संशोधन मार्फत हुने गर्छ भन्ने तथ्यलाई समेत यस लेखले उजागर गर्छ । विद्यालय सञ्चालन प्रक्रियाको मूल आधार "शिक्षा ऐन" भएकाले सो ऐनमा भएका पछिल्ला तीन ओटा संशोधनलाई यहाँ "केस" का रूपमा अध्ययन गरिएको छ ।

यो अनुसन्धान गुणात्मक विधिमा आधारित छ । शिक्षक संघ-संगठनले आफ्नाबारे र अन्यले ती संघ-संगठनबारे प्रकाशित/अप्रकाशित गरेका सामग्री (बैठकका माइन्युट, प्रेस विज्ञप्ति, सम्झौता-पत्र, पम्फ्लेट र प्रतिवेदन, आदि) लाई यो अध्ययनको क्रममा प्रयोग गरिएको छ । साथै, तिनको नेतृत्व गरेका व्यक्ति, शिक्षा मन्त्रालयका पदाधिकारी र शिक्षाविद्सँग असोजदेखि मंसिर २०७६ सम्मका विभिन्न मितिमा अन्तर्वार्ता गरिएको छ । विद्यालय शिक्षाबारे यस अवधिमा पत्रपत्रिका (विशेष गरी *शिक्षक* मासिक, *कान्तिपुर* दैनिक) मा प्रकाशित भएका सामग्रीको पनि अध्ययन गरिएको छ । शिक्षा ऐन संशोधनबारे २०७४ सालमा व्यवस्थापिका संसद्मा भएको छलफलको "भर्बाटिम" को अध्ययन समेत गरिएको छ ।

परिचय र निष्कर्ष बाहेक यो लेखलाई मुख्य दुई खण्डमा विभाजन गरिएको छ । लेखको पहिलो खण्ड २०५८ सालमा शिक्षा ऐनको सातौँ संशोधनमा "विद्यालय समुदायमा हस्तान्तरण" गर्नसक्ने प्रावधानप्रति शिक्षक संघ-संगठनबाट भएको असहयोग/विरोधमा केन्द्रित छ । यसै खण्डमा विश्व बैंकको सहयोगमा सञ्चालित विद्यालय समुदायमा हस्तान्तरण गर्ने प्रक्रियालाई सहजीकरण गर्ने उद्देश्यले सुचारु गरिएको "कम्युनिटी स्कूल सपोर्ट प्रोजेक्ट" (सन् २००२–२००८) को कार्यान्वयनमा शिक्षक संघ-संगठनको विरोध र यसले परियोजना सञ्चालनमा ल्याएको जटिलताबारे चर्चा गरिएको छ । लेखको दोस्रो खण्ड शिक्षा ऐनको आठौँ र नवौँ संशोधनमा केन्द्रित रही "अस्थायी शिक्षकलाई स्थायी" गर्ने प्रावधानको विषयमा शिक्षक संघ-संगठनले खेलेको भूमिकाबारे विश्लेषण गरिएको छ ।

यो लेखका केही सीमितता छन् । पहिलो, शिक्षक संघ-संगठनभित्र शिक्षाका विभिन्न मुद्दालाई बुझ्ने सन्दर्भमा प्रशस्तै विविधता छन् । यस विषयबारे लेखमा बहस गरिएको छैन । दोस्रो, २०४६ सालको राजनीतिक परिवर्तनपछि नेपालमा शिक्षकका नयाँ संघ-

संगठन जन्मिने, फुट्ने र जुट्ने प्रक्रिया सामान्य जस्तै बनेको छ । यो पक्षलाई पनि लेखले समेट्दैन । तेस्रो, शिक्षा ऐनको नवौँ संशोधनपछि संशोधित ऐनमा भएका प्रावधानलाई लिएर विद्यार्थी संघ-संगठनले गरेका विरोध र ऐन कार्यान्वयन नगर्न भन्दै सर्वोच्च अदालतमा परेका मुद्दाबारे पनि यस लेखमा चर्चा गरिएको छैन । ती कदमले ऐन कार्यान्वयनमा बाधा नपारेकाले यहाँ चर्चा गर्न आवश्यक नठानिएको हो ।[२]

## शिक्षक संघ-संगठन र शिक्षा ऐनमा सातौँ संशोधन, २०५८

२०४६ सालपछि धेरैपटक संशोधन हुने ऐनमा *शिक्षा ऐन, २०२८* पनि पर्छ (बिडारी २०७४) । बितेका २५ वर्षमा यो ऐन पाँच पटक संशोधन भइसकेको छ ।[३] पछिल्ला तीन (सातौँ २०५८, आठौँ २०७३ र नवौँ २०७४) संशोधनले भने यसको पक्ष र विपक्षमा सार्वजनिक बहसको सिर्जना समेत गऱ्यो । पछिल्ला दुई दशकमा विद्यालय शिक्षाबारे भएका बहस मूलत: शिक्षा ऐनको संशोधन वा संशोधनपछि उत्पन्न परिस्थितिमा केन्द्रित छन् ।[४] ऐनको पछिल्ला तीन संशोधनलाई मिहिन अध्ययन गर्दा यसबारे सरोकारवाला (शिक्षक संघ-संगठन, जनप्रतिनिधि, शिक्षाविद् र विद्यार्थी) बीच गहिरा मतभेद रहेको पाइन्छ । वि.सं. २०५८ मा भएको शिक्षा ऐनको सातौँ संशोधनबारे शिक्षक संघ-संगठनको विरोधबारे छलफल गर्नुअघि शिक्षा ऐन (सातौँ संशोधन) को पृष्ठभूमिबारे तल संक्षिप्त चर्चा गरिएको छ ।

वैशाख २९, २०५८ मा तत्कालीन राष्ट्रिय योजना आयोगका सदस्य निर्मलप्रसाद पाण्डेको संयोजकत्वमा पाँच सदस्यीय शिक्षा सम्बन्धी उच्चस्तरीय कार्यसमिति गठन गरियो ।[५] समितिले तयार पारेको ८० पृष्ठ लामो प्रतिवेदनमा साविकका सरकारी विद्यालयको सञ्चालनमा विद्यालय व्यवस्थापन समिति (विव्यस) को अवधारणालाई थप प्रभावकारी बनाउँदै “विद्यालयको लागि स्रोत साधन जुटाउने, विद्यालयको भौतिक विकास, विस्तार एवं मर्मत, सम्भार कार्यमा स्थानीय सहभागिता परिचालन गर्ने काम समुदायको हुने”

[२] शिक्षा ऐनको नवौँ संशोधन कार्यान्वयन नगरी शिक्षा ऐनको दसौँ संशोधन गर्न विद्यार्थी संघ-संगठनले ऐन संशोधन भएकै हप्ताबाट आन्दोलन गरेका थिए (कैनी २०७४; कान्तिपुर २०७४क) ।

[३] *शिक्षा (पाँचौँ संशोधन) ऐन, २०४९; शिक्षा (छैटौँ संशोधन) ऐन, २०५५; शिक्षा (सातौँ संशोधन) ऐन, २०५८; शिक्षा (आठौँ संशोधन) ऐन, २०७३* र *शिक्षा (नवौँ संशोधन) ऐन, २०७४* ।

[४] विशेष गरी छापा माध्यमले *शिक्षा ऐन, २०२८* को संशोधनको विषयलाई महत्त्वका साथ (समाचार, सम्पादकीय, विचार लेख, अन्तर्वार्ता सहित) प्रकाशित गरेको पाइन्छ । विशेष गरी विद्यालय शिक्षामा केन्द्रित *शिक्षक* म्यागेजिनले यो विषयलाई बारम्बार उठाएको थियो ।

[५] समितिका अन्य सदस्यमा मनप्रसाद वाग्ले, शिवराज लोहनी, चुमानसिंह बस्नेत र रामसरोवर दुवे थिए ।

भन्ने सुझाव दियो । साथै, यस प्रतिवेदनले "सामुदायिक विद्यालय व्यवस्थापन समितिले समुदायसँग निकटतम सम्पर्कमा रही कार्य गर्नेछ" भनेको थियो (पाण्डे २०५८ : ३६) । सो समितिले सरकार समक्ष प्रतिवेदन बुझाएको (असार १३, २०५८) करिब तीन हप्तापछि (साउन ३, २०५८) विश्व बैंकले समेत नेपालको शिक्षा सुधारका प्राथमिकता र रणनीति सम्बन्धी एक प्रतिवेदन सार्वजनिक गर्‍यो (वर्ल्ड बैंक सन् २००१) । करिब उही समयमा सार्वजनिक भएका यी दुवै प्रतिवेदनले साविकका सरकारी विद्यालयलाई समुदायमा हस्तान्तरण गर्न सुझाएका थिए । र, यी दुवै प्रतिवेदनले प्रस्तावित *शिक्षा (सातौँ संशोधन) विधेयक,* २०५७ मा रहेका केही प्रावधान (जस्तै, विव्यसका काम कर्तव्य र अधिकार) लाई समेत समेटेका थिए (पाण्डे २०५८; वर्ल्ड बैंक सन् २००१) ।[६] साथै, *प्रस्तावित शिक्षा (सातौँ संशोधन) विधेयक,* २०५७ मा अभिभावकले आफू मध्येबाट निर्वाचन गरी पठाएको व्यक्ति अध्यक्ष र सदस्य रहने विव्यसको व्यवस्था गरेको थियो (पाण्डे २०५८) ।[७] यसरी प्रस्तावित शिक्षा विधेयक, विश्व बैंक र शिक्षा सम्बन्धी उच्चस्तरीय कार्यसमितिको प्रतिवेदन सबैले सरकारी विद्यालयलाई समुदायमा हस्तान्तरण गर्दै विद्यालय सञ्चालन प्रक्रियामा स्थानीय समुदायलाई सहभागी गराउने भन्ने मुद्दालाई महत्त्वका साथ उठाएका थिए (कार्ने र विष्ट सन् २००९) ।[८]

सरकारी विद्यालयको सञ्चालन प्रक्रियामा समुदायलाई सहभागी गराउने प्रावधान सहित माघ २०५८ मा व्यवस्थापिका संसद्ले शिक्षा ऐनको सातौँ संशोधन गर्‍यो ।[९] संशोधित

[६] उच्चस्तरीय कार्यसमितिले बुझाएको प्रतिवेदन अनुसार शिक्षा ऐनको सातौँ संशोधन भएको धेरैको बुझाइ रहे पनि २०५७ सालमा नै शिक्षा ऐन सातौँ संशोधन विधेयक तयार भएको हुनाले त्यस्तो बुझाइ सही ठहर्दैन । बरु यो विधेयकले *विकेन्द्रीकरण तथा स्वायत्त शासन ऐन, २०५५* को मर्मलाई आत्मसात गरेको भन्न सकिन्छ ।

[७] विद्यालय व्यवस्थापन समितिको अवधारणा नेपालमा वि.सं. २०२८ अघिदेखि नै थियो । शिक्षा ऐनको सातौँ संशोधनमा त यही अवधारणालाई बढी प्रभावकारी र व्यवस्थापन समितिलाई अधिकार सम्पन्न बनाउन खोजिएको मात्र हो ।

[८] सरकारले २०५५ सालमा स्थानीय स्वायत्त शासन ऐन ल्याएको थियो । विद्यालयलाई स्थानीय समुदायमा हस्तान्तरण गर्ने योजना ल्याउनुमा यो ऐनको पनि प्रभाव रहेको देखिन्छ । विद्यालय शिक्षामा विकेन्द्रीकरणको योजनाबारे हेर्नुहोस्, भट्ट (सन् २००५) ।

[९] यस सम्बन्धमा विश्व बैंक र शिक्षा सम्बन्धी उच्चस्तरीय कार्यसमितिले तयार पारेका प्रतिवेदनका सुझाव शिक्षा ऐनमा समेटिएको भन्ने दाबी रहे पनि वास्तममा यी तीन ओटै दस्तावेज उत्पति भएका स्थान र संलग्न समूह करिब एउटै हो । त्यसैले उच्चस्तरीय कार्यसमितिले तयार गरेका प्रतिवेदनका सुझावका आधारमा *शिक्षा (सातौँ संशोधन) ऐन, २०५८* भयो भन्ने कुरा त्यति विश्वसनीय छैन । *शिक्षा (सातौँ संशोधन) ऐन, २०५८* को विधेयक २०५७ सालमा तयार भइसकेको थियो जसमा विद्यालय समुदायमा हस्तान्तरण गर्ने दफा थिए ।

शिक्षा ऐनमा विद्यालय समुदायमा "हस्तान्तरण" गर्ने प्रस्ट शब्दमा उल्लेख नगरे पनि उक्त संशोधनको मूल उद्देश्य सरकारी विद्यालयलाई समुदायमा हस्तान्तरण गर्ने प्रावधान समेट्नु नै थियो । र, साविकका सरकारी विद्यालयलाई "सामुदायिक विद्यालय" भनी नामाकरण पनि यसै ऐनले गऱ्यो (घिमिरे २०६४) । संशोधित ऐनमा विव्यसको अध्यक्ष सहित बहुमत सदस्य अभिभावकमध्ये बाट छानिने प्रावधान राखियो । साथै, ऐनले निम्न माध्यमिक तहदेखि विद्यार्थी/अभिभावकसँग "शुल्क" उठाउन पाउने र विव्यसलाई खुला प्रतिस्पर्धाका आधारमा आन्तरिक स्रोतमा शिक्षक नियुक्ति र शिक्षक सरुवा गर्नसक्ने अधिकार समेत दियो (नेपाल कानून आयोग २०५८) ।

शिक्षामा स्थानीय समुदायको सहभागिता र साझेदारीलाई बढाउनका लागि भनेर सरकारले ल्याएको यस नीतिप्रति शिक्षक संघ-संगठनहरूले शुरूबाटै विरोध जनाउँदै आएका थिए (सेरिड सन् २००९) । सरोकारवाला सँगको सहमतिबिना विद्यालयलाई समुदायमा हस्तान्तरण गर्ने संशोधित ऐनमा भएको प्रावधानबारे नेपाल शिक्षक संघका तत्कालीन अध्यक्ष केशवप्रसाद भट्टराई भन्छन् :

> सारा स्कूलको व्यवस्थापन समुदायलाई सुम्पन्ने नीतिगत व्यवस्था र कार्यक्रमअघि सारिँदा सरकारले शिक्षकहरूसँग संस्थागत रूपमा एकपटक पनि परामर्श गरेन । शिक्षकहरूमाथि लागू गरिने कुनै पनि व्यवस्था उनीहरूसँग छलफल नगरी ल्याउनु आफैमा अप्रजातान्त्रिक भएकाले शुरूदेखि नै यसको पक्षमा शिक्षकहरूले मत जाहेर गरेनन् । झन् सरकारका मन्त्री र ठुला साना हाकिमहरूले "शिक्षकलाई तह लगाउन" यो व्यवस्था ल्याइएको भनी सार्वजनिक रूपमा भाषण गर्न थाले ।...यस्तो व्यवहारले शिक्षकहरूलाई झन्-झन् हस्तान्तरणको विपक्षमा उभ्यायो । (भट्टराई २०६४ : ३४)

विद्यालय शिक्षा सामुदायीकरण गर्ने नाममा सरकार शैक्षिक जिम्मेवारीबाट पलायन हुन खोजेको भन्ने शिक्षकहरूको मुख्य तर्क थियो (नेपाल शिक्षक संघ २०७४ ) ।[१०] साथै,

[१०] वि.सं. २०५० को दशकमा उदारीकरण/निजीकरण मामलामा तुलनात्मक खुला रहेको नेपाली काँग्रेस निकट नेपाल शिक्षक संघले समेत विद्यालय सञ्चालन समुदायमा हस्तान्तरण गर्ने नीतिलाई "सरकार शैक्षिक जिम्मेवारीबाट पलायन हुन लागेको" भनेको थियो । नेपाल शिक्षक संघले यसबारे भनेको छ, "विद्यालय व्यवस्थापन समुदायमा हस्तान्तरण गर्ने नीति राज्यले अवलम्बन गरेको छ । सरोकारवालाहरूसँग सहमति बेगर निर्मित नीति भएको हुनाले यसमा हाम्रो समर्थन रहेको छैन । सरोकारवालाहरूको विरोधका बाबजुद अघि बढाइएकाले यसको परिणाम राम्रो आएको छैन । यो कार्यक्रमबाट सरकार शैक्षिक जिम्मेवारीबाट पलायन हुन लागेको प्रस्ट देख्न सकिन्छ । त्यसैले विद्यालय व्यवस्थापन समुदायलाई हस्तान्तरण गर्ने कार्यक्रम तत्काल रोकिनु पर्छ" (नेपाल शिक्षक संघ २०७४ : ११) । नेपाल शिक्षक संगठनका तत्कालीन अध्यक्ष माधवप्रसाद अधिकारी

शिक्षा ऐन सातौँ संशोधनमा समुदायमा हस्तान्तरण भएका विद्यालयमा पढाउने शिक्षकलाई विव्यसको सिफारिसमा साविक जिल्ला शिक्षा कार्यालयले अन्यत्र सरुवा गर्नसक्ने नीतिगत प्रावधानबारे समेत शिक्षक संघ/संगठनको तीव्र "असन्तुष्टि" थियो (घिमिरे २०६४)। संशोधित ऐनमा रहेका यी प्रावधानको खारेजीका लागि शिक्षक संघ-संगठनले त्यति बेला सडक आन्दोलन समेत गरेका थिए (पौडेल २०६८)। शिक्षकका पेसागत संघ-संगठनले त्यति बेला गरेका आन्दोलनलाई काठमाडौँबाट प्रकाशित हुने एक राष्ट्रिय दैनिकले यसरी उल्लेख गरेको थियो :

> विभिन्न सात सूत्रीय शैक्षिक माग राखी आन्दोलनरत संयुक्त शिक्षक संघर्ष समितिले शिक्षा ऐन र नियमावली जलाउने भएको छ। शिक्षा ऐनको सातौँ संशोधनका अधिकांश दफाहरू प्रतिगामी भएकाले त्यसलाई शवयात्रा सहित दाहसंस्कार गरिने नेपाल राष्ट्रिय शिक्षक संगठनका महासचिव बाबुराम अधिकारीले...बताउनु भयो। शिक्षा ऐन र नियमावलीका शिक्षक विरोधी दफाहरूको दाहसंस्कार शुक्रबार दिउँसो काठमाडौँको भूगोलपार्कमा गरिने भएको छ। दफा अंकित शव बनाएर पद्मोदय माध्यमिक विद्यालयबाट शवयात्रा शुरू हुने र प्रदर्शनीमार्ग, शहिदगेट र न्यूरोडगेट हुँदै भूगोलपार्कमा पुगेर उक्त प्रतिकात्मक शवको दाहसंस्कार गरिने जानकारी महासचिव अधिकारीले दिनुभयो। (अन्नपूर्ण पोष्ट २०६०)

संशोधित ऐनमा विद्यालय समुदायमा हस्तान्तरण गर्ने, विव्यसले विद्यालयको आन्तरिक स्रोतमा शिक्षक राख्नसक्ने र विद्यार्थी/अभिभावकबाट विद्यालयका लागि सहयोग शुल्क उठाउनसक्ने जस्ता दफाप्रति उनीहरूको आपत्ति थियो। साथै, यी प्रावधानलाई शिक्षकहरूले "प्रतिगामी" भनेका थिए।

विद्यालय समुदायमा "हस्तान्तरण" गर्ने नीतिगत प्रावधान तय गर्न विश्व बैंक लगायत शिक्षामा लगानी गर्ने अन्य दातृ निकायको प्रत्यक्ष भूमिका थियो (उपाध्याय २०६४)।[११] विद्यालय समुदायमा लैजाने कार्यक्रमलाई कानूनी आधार तय गर्न २०५९ सालमा सरकारले *समुदायद्वारा व्यवस्थापन हुने विद्यालय सञ्चालन कार्य (पहिलो संशोधन) निर्देशिका,* २०५९ जारी गऱ्यो। सरकारले यो निर्देशिका जारी गरे लगत्तै विद्यालयलाई समुदायमा हस्तान्तरण गर्ने काम शुरू गरेको थियो। र, यही प्रक्रियालाई सहयोग गर्न

---

(वि.सं. २०५६–२०६२) ले विद्यालयमा लगानी बढाउनुको सट्टा सरकारले हातहतियार किन्नमा खर्च गरेको र शिक्षाबाट सरकार भाग्न खोज्दा शिक्षकले यस परियोजनाको विरोध गरेको बताएका थिए (घिमिरे २०६४)।

[११] तत्कालीन शिक्षामन्त्री आमोदप्रसाद उपाध्यायले फागुन २०६४ मा *शिक्षक* मासिकसँग कुरा गर्दै विश्व बैंकका नेपाल प्रतिनिधि केन ओहासीले बैंकको सहयोग पाउन "विद्यालय समुदायमा हस्तान्तरण" गर्ने नीति ल्याउनुपर्ने भन्दै दबाब दिएको बताएका थिए (उपाध्याय २०६४)।

विश्व बैंकको आर्थिक सहयोगमा सन् २००२ बाट करिब ५० लाख डलरको सामुदायिक विद्यालय सहयोग परियोजना समेत शुरू भयो । विश्व बैंकको लगानीमा सञ्चालित यो परियोजना (सन् २००२–२००८) मा चार ओटा कार्यक्रम थिए, जसमध्ये सबैभन्दा ठूलो हिस्सा "विद्यालय सहयोग अनुदान" (स्कूल ग्रान्ट) ले ओगटेको थियो । स्कूल ग्रान्ट परियोजना अन्तर्गत ३६ लाख अमेरिकी डलर छुट्ट्याइएको थियो, जुन यो परियोजनामा समग्र योगदानको करिब ७२ प्रतिशत हो । परियोजनाको बाँकी २८ प्रतिशत अनुदान भने छात्रवृत्ति, माध्यमिक शिक्षामा क्षमता अभिवृद्धि र अनुगमन तथा मूल्यांकन शीर्षक अन्तर्गत खर्च गर्ने भनिएको थियो । यसले पनि देखाउँछ कि यो अनुदान सहयोगको उद्देश्य मूलत: सरकारी विद्यालयलाई सामुदायिक विद्यालयमा जान प्रोत्साहित गर्नु थियो । यो परियोजना कार्यान्वयन गर्ने निकायको रूपमा शिक्षा मन्त्रालय अन्तर्गत रहेको शिक्षा विभागलाई तोकिएको थियो (वर्ल्ड बैंक सन् २००३) ।

आवरणमा सरकारी विद्यालयमा समुदायको सहभागिता बढाउँदै विद्यालयलाई समुदायप्रति थप जिम्मेवार पार्ने, भने पनि यो नीतिको मूल ध्येय शिक्षामा बढ्दै गएको सरकारी लागत कम गर्न र सार्वजनिक शिक्षामा अभिभावकको लगानी बढाउने (शिक्षाको निजीकरण) थियो (उपाध्याय २०६४) । सरकारी विद्यालय समुदायमा हस्तान्तरण गर्ने यस्तो नीतिगत प्रावधान तय गर्न शिक्षक संघ-संगठनले भनेजस्तै सरकारलाई दातृ निकाय (विश्व बैंक) को विशेष दबाब थियो (कार्ने र विष्ट सन् २००९; भट्ट सन् २००५, सन् २०११; रेग्मी सन् २०१५) । दातृ निकाय (विश्व बैंक) र सरकारको विद्यालय सञ्चालन प्रक्रियामा समुदायलाई सहभागी गराउने नीतिलाई शिक्षकहरूका संघ-संगठनले मन पराएका थिएनन् । अन्तर्राष्ट्रिय दातृ निकायलाई खुसी पार्न सरकारले त्यस सम्बन्धी कानूनी प्रावधान ल्याएको हो भन्ने उनीहरूको साझा बुझाइ देखिन्थ्यो (घिमिरे २०६४; भट्टराई २०६४; नेपाल शिक्षक संघ २०७४) । विद्यालय समुदायमा हस्तान्तरण गर्ने सरकारी कार्यक्रमलाई त्यति बेला शिक्षक संघ-संगठनले विरोध प्रदर्शन, शैक्षिक संस्था बन्द तथा अन्य शैक्षिक गतिविधिमा अवरोध, विद्यालय हस्तान्तरण गर्न नदिने जस्ता विभिन्न कार्यक्रम आयोजना गरी देशव्यापी रूपमा कडा प्रतिवाद गरेका थिए ।[१२] तत्कालीन नेपाल कम्युनिस्ट पार्टी माओवादी सम्बद्ध शिक्षक संगठनले दबाब दिएका कारण पाल्पा, गुल्मी र मोरङ लगायत केही जिल्लामा

[१२] उदाहरणका लागि मंसिर र पुस २०६४ मा विभिन्न जिल्लामा शिक्षक संघ-संगठनले गरेका आन्दोलनबारे काठमाडौँबाट निक्लने एक राष्ट्रिय दैनिकमा प्रकाशित केही समाचार (कान्तिपुर २०६४क, २०६४ख, २०६४ग, २०६४घ) हेर्न सकिन्छ । त्यस्तै आन्दोलनको क्रममा कास्कीको लुम्लेस्थित ज्ञानोदय प्राविको व्यवस्थापन समुदायमा हस्तान्तरणका लागि अनुरोध गर्न जिल्ला शिक्षा कार्यालय गएका शिक्षक तथा अभिभावकलाई शिक्षक संघ-संगठनका जिल्ला नेताले धम्की दिएका थिए (घिमिरे २०६४) ।

समुदायमा हस्तान्तरण भइसकेका केही विद्यालयले उनीहरूको व्यवस्थापन पुन: जिल्ला शिक्षा कार्यालयमा फिर्ता गर्नका लागि निवेदन समेत दिएका थिए (घिमिरे २०६४)।

शिक्षा सातौँ ऐन संशोधन मार्फत विद्यालय समुदायमा हस्तान्तरण गर्ने कार्यक्रम शुरू भएको करिब २० वर्षपछि पनि शिक्षक र तिनका संघ-संगठन विद्यालय शिक्षा समुदायमा लैजाने नीतिप्रति सकारात्मक देखिँदैनन्। उदाहरणका लागि परियोजना समाप्त भएको एक दशकपछि (असोज-कात्तिक २०७६ मा) यस अनुसन्धाताले सामुदायिक विद्यालय सहयोग परियोजनाको विषयमा काभ्रेपलाञ्चोक, बर्दिया, चितवन, विराटनगरमा अवस्थित (पूर्व) प्रअ तथा शिक्षक संघ-संगठन आबद्ध पदाधिकारी (जो यस परियोजना सञ्चालनको समयमा विद्यालयमा शिक्षक थिए) सँग गरेका छलफलले यसलाई थप पुष्टि गर्छ। काभ्रेपलाञ्चोकस्थित एक विद्यालयका पूर्वप्रअले "तत्कालीन जिशिका [जिल्ला शिक्षा कार्यालय] र परियोजनामा आबद्ध व्यक्तिले अनुरोध गर्दा पनि 'परियोजना' लाई विद्यालयमा पस्न नदिएको" बताएका थिए। परियोजनाको ध्येय शिक्षामा "निजीकरण" लाई बढवा दिँदै र विद्यालय शिक्षामा राज्यको लगानी निरुत्साहित गर्ने भएकाले विद्यालय समुदायमा हस्तान्तरण गर्ने कार्यक्रम सार्वजनिक हितमा नभएको उनको जिकिर थियो। बर्दियामा भएको छलफलका सहभागीले सो परियोजना दाताद्वारा निर्देशित भएकाले शिक्षक संघ-संगठनले यस्तो परियोजनाको विरोध गर्नु स्वाभाविक भएको बताए। चितवनमा भएको एक छलफलका सहभागी (पूर्व महासचिव, नेपाल राष्ट्रिय शिक्षक संगठन) ले विद्यालय समुदायमा हस्तान्तरण गर्ने परियोजना "शिक्षक संघ-संगठनले सहयोग नगर्दा असफल भएको" बताएका थिए।[१३] तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (एमाले) का नेता तथा तत्कालीन शिक्षामन्त्री प्रदिप नेपालले विश्व बैंकको सहयोगमा विद्यालयलाई समुदायमा फिर्ता गर्न खेलेको भूमिकाकै कारण आफूहरूले "उनको राजनीति सकिदिएको" विराटनगरका शिक्षक संगठनका एक नेताले कुराकानी क्रममा बताएका थिए (मार्टिन चौतारी २०७६)।[१४] त्यति बेला सबै दल निकट शिक्षक संघ-संगठनले संस्थागत रूपमा नै यो परियोजनाको विरोध गरेका थिए (नेपाल शिक्षक संघ २०७४)।

शिक्षक संघ-संगठनको विरोधका कारण विद्यालय समुदायमा हस्तान्तरण गर्ने परियोजनाले आशातीत सफलता नपाएको विषयलाई स्वयं विश्व बैंकले पनि आफ्नो एक प्रतिवेदनमा स्वीकार गरेको छ। विश्व बैंकले सन् २००६ को अन्तसम्म (परियोजना

[१३] काभ्रेपलाञ्चोकमा रमेश पौडेल, चितवनमा रमाकान्त सापकोटा र विराटनगरमा धर्मानन्द खरेलसँग २०७६ को असोज तेस्रो हप्ता र कात्तिक पहिलो हप्तामा कुराकानी गरिएको थियो।

[१४] प्रदिप नेपालले पनि शिक्षक र तिनका पेसागत संघ-संगठनको असहयोगले पहिलो संविधानसभाको निर्वाचन (वि.सं. २०६४) मा आफू पराजित भएको आफ्नो एक संस्मरणमा उल्लेख गरेका छन् (नेपाल २०६५)।

अवधि सन् २००२–२००८) शिक्षक संघ-संगठनको विरोध र हिंसात्मक राजनीतिले गर्दा परियोजना सञ्चालनमा समस्या भएको बताएको छ । परियोजना अवधि भरमा १५ सय विद्यालय समुदायमा हस्तान्तरण गर्ने योजना भए पनि परियोजना सकिन करिब वर्षदिन बाँकी रहँदा जम्मा १५० जति विद्यालयमात्र समुदायमा हस्तान्तरण भएको उक्त प्रतिवेदनमा जनाइएको छ (वर्ल्ड बैंक सन् २००९) । साथै, शिक्षक संघ-संगठनको विरोध झेल्नुपर्ने भयले सरकारले ऐन संशोधन गरे पनि यसको कार्यान्वयनमा रुचि नराख्दा परियोजना अगाडि बढ्न नसकेको दाबी समेत यसै प्रतिवेदनले गरेको छ । विश्व बैंक, सेक्टोरल इभ्याल्युएशन डिभिजन, इन्डिपेन्डेन्ट इभ्याल्युएशन ग्रुपले सार्वजनिक गरेको परियोजना मूल्यांकन प्रतिवेदनमा समेत परियोजना शुरू गर्दा परियोजना सञ्चालन गर्ने प्रक्रियामा “शिक्षक युनियन” बाट हुनसक्ने अवरोध र राजनीतिक परिस्थितिबारे सही आकलन गर्न नसकेको भन्दै परियोजनाले आशातीत सफलता नपाउनुमा शिक्षकको विरोधलाई मुख्य कारण मानेको छ । साथै, मूल्यांकन प्रतिवेदनमा उक्त परियोजनाको समग्र “बैंक पर्फर्मेन्स” लाई “अनस्याटिस्फेक्टरी” र परियोजनाको शुरूआती अवस्थालाई “हाइली अनस्याटिस्फेक्टरी” मानेको छ (वर्ल्ड बैंक सन् २०१०) ।

## शिक्षा ऐन संशोधनमा पेसागत संघ-संगठन

*शिक्षा (सातौँ संशोधन) ऐन, २०५८* पारित भए लगत्तै शिक्षक संघ-संगठनका पदाधिकारीले संशोधित ऐनका “अधिकांश दफाहरू प्रतिगामी भएकाले” यी दफा खारेज गर्न माग गरेका थिए (अन्नपूर्ण पोष्ट २०६० : ४) ।[१५] यस तथ्यले शिक्षा ऐनको सातौँ संशोधन लगत्तै आठौँ संशोधनको बहस शुरू भइसकेको देखाउँछ । यद्यपि, सातौँ संशोधन भएको करिब १५ वर्षपछि २०७३ सालमा मात्र शिक्षा ऐनको आठौँ संशोधन भयो । तर आश्चर्यजनक रूपमा आठौँ संशोधन भएको १६ महिना नपुग्दै पुन: यस ऐनको नवौँ संशोधन समेत हुन पुग्यो । उल्लेखनीय के छ भने शिक्षा ऐनका यी दुवै संशोधन *नेपालको संविधान* (२०७२) जारी भएपछि गरिएका थिए । र, *नेपालको संविधान* (२०७२) को अनुसूची ८ मा विद्यालय शिक्षालाई स्थानीय सरकारको क्षेत्राधिकारभित्र पारिएको छ ।

[१५] नेपाल शिक्षक संघ, सूचना, सञ्चार, प्रकाशन विभागबाट वार्षिक रूपमा प्रकाशन हुने *शिक्षक आवाज* (२०७४) मा “नेपाली शिक्षकहरूको पेसागत आन्दोलनलाई एकीकृत र वैधानिक रूपबाट अघि बढाउन २०५७ सालमा शिक्षा ऐनमा नेपाल शिक्षक युनियनको प्रबन्ध गर्न राज्यलाई बाध्य पारियो” भनिएको छ । शिक्षा सातौँ संशोधनमा “सामुदायिक विद्यालयका शिक्षकहरूको पेसागत हकहितका सम्बन्धमा कार्य गर्न एक शिक्षक युनियन रहनेछ” र यस्तो युनियन “केन्द्रीय तथा जिल्ला स्तरमा गठन गर्न सकिनेछ” भन्ने प्रावधान रहेको थियो (नेपाल कानून आयोग २०५८) ।

पछिल्लो दशकमा "अस्थायी शिक्षक" को व्यवस्थापन विद्यालय शिक्षामा देखिएको प्रमुख समस्यामध्ये एक थियो । यो पक्षलाई राजनीतिकर्मी, शिक्षाविद्, शिक्षक संघ-संगठन, शिक्षा मन्त्रालयका अधिकारी र शिक्षामा सरोकार राख्ने सबैले स्वीकार गरेको देखिन्छ । तर "अस्थायी शिक्षक" को स्थायी व्यवस्थापन कसरी गर्ने भन्नेमा सबैमा एक प्रकारको अलमल थियो । यसो हुनुका केही जायज कारण थिए । पहिलो, २०७२ सालसम्म आइपुग्दा सामुदायिक विद्यालयमा पढाउने अस्थायी शिक्षकको संख्या करिब २६ हजार पुगिसकेको थियो । तीमध्ये करिब आधाजति शिक्षकले त अस्थायी रूपमा शिक्षण गरेको एक दशकभन्दा पनि बढी भइसकेको थियो (राजेन्द्र दाहाल २०७४) । दोस्रो, यो परिस्थितिको निर्माण राज्य स्वंयले गरेको थियो अर्थात् शिक्षा ऐनको सातौँ संशोधनपछि नियमित खुल्नु पर्ने शिक्षा सेवा आयोग विभिन्न कारणले नियमित रूपमा खुल्न सकेको थिएन ।[१६] यसले अस्थायी शिक्षकको समस्यालाई थप जटिल बनाएको थियो (लम्साल २०७४) । तेस्रो, विशेष गरी २०५५ सालपछि मावि स्वीकृत भएका ग्रामीण भेगका अधिकांश विद्यालयमा मावि तह अस्थायी शिक्षकले धानेका थिए (पराजुली, उप्रेती र गुरुङ २०७६) । उनीहरूको असहयोगले विद्यालय सञ्चालनमा कठिनाइ उत्पन्न हुनसक्थ्यो । र चौथो, पछिल्ला दशकमा अस्थायी शिक्षक व्यवस्थापनको विषय शिक्षा मन्त्रालयको प्रशासनिक विषयमा मात्र सीमित नभई राजनीतिक दलको समेत मुद्दा बनिसकेको थियो । र, यो समस्यालाई राजनीतिक मुद्दाको रूपमा रूपान्तरण गर्न शिक्षक र तिनका पेसागत संघ-संगठन सफल भइसकेका थिए ।[१७]

शिक्षा ऐन आठौँ र नवौँ संशोधन मूलत: "अस्थायी शिक्षकको व्यवस्थापन" मा केन्द्रित थियो ।[१८] "शिक्षकमैत्री" मानिएका शिक्षा ऐनको आठौँ र नवौँ संशोधन कसरी

[१६] शिक्षक छनोट समितिले २०५२ सालमा लिएको लिखित परीक्षाको नतिजा २०६० सालमा निकाल्यो । शिक्षक सेवा आयोगले मंसिर १५, २०६१ मा विज्ञापन खोल्यो । माघ २५, २०५८ सम्म कार्यरत मध्येका आधा शिक्षकलाई मात्र स्थायी गर्ने गरी मंसिर १५, २०६१ मा भएको विज्ञापनको परीक्षा शिक्षक सेवा आयोगले असार २०६२ मा लियो । माघ १७, २०६२ मा तत्कालीन राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासन कालमा सरकारले अस्थायी शिक्षक मात्र उम्मेदवार हुन पाउने गरी एक पटकका लागि विज्ञापन खोल्यो । माघ २५, २०५८ अघिका अस्थायी मध्ये ५० प्रतिशत शिक्षकलाई स्थायी गर्न मंसिर २०६१ मा लिइएको परीक्षाको नतिजा २०६३ मा आयो । उक्त नतिजाबाट कति संख्यामा अस्थायी शिक्षक स्थायी भए भन्ने तथ्यांक शिक्षक सेवा आयोगले अहिलेसम्म सार्वजनिक गरेको छैन (देवकोटा २०७५) ।

[१७] यो अनुच्छेद अस्थायी शिक्षक केन्द्रीय आन्दोलन समितिका पूर्वअध्यक्ष निरेन्द्र कुँवरसँग मंसिर तेस्रो हप्ता, २०७६ मा गरिएको कुराकानीमा आधारित छ ।

[१८] पुस १४, २०६३ मा संशोधन भएको *शिक्षा ऐन, २०२८* मा अस्थायी, लियन, परियोजना र विस्थापित शिक्षकलाई अस्थायी शिक्षक सरह मानी परिभाषित गरेको थियो । मंसिर ८, २०६३ को सहमतिलाई कार्यान्वयन गर्न संसद्ले वैशाख १०, २०६३ सम्म कार्यरत अस्थायी, लियन,

सम्भव भयो ? यी ऐनको संशोधन प्रक्रियामा शिक्षक संघ-संगठनको भूमिकाबारे अध्ययन नगरी विद्यालय शिक्षाको समग्र सञ्चालन प्रक्रियालाई बुझ्न कठिन छ ।[१९] साथै, शिक्षा ऐनको आठौँ संशोधन (२०७३) र यो संशोधन कार्यान्वयनमा नै नआई शिक्षा ऐनको नवौँ संशोधन (२०७४) किन भयो भन्नेबारे संक्षिप्त चर्चा यसपछि गरिएको छ ।

## *शिक्षा (आठौँ संशोधन) ऐन, २०७३*

अस्थायी शिक्षकको एक समूहले २०५५ सालमा "अस्थायी शिक्षक आन्दोलन केन्द्रीय समिति" गठन गरी पेसागत हकहितका लागि भनेर आन्दोलन शुरू गरे (क्षेत्री २०७३) ।[२०] विभिन्न चरणमा अस्थायी शिक्षकले गरेका आन्दोलनलाई सम्बोधन गर्न मंसिर १७, २०६१ मा शिक्षा मन्त्रालयको मन्त्री स्तरीय निर्णयले शिक्षा मन्त्रालयका तत्कालीन सहसचिव महेश्वर शर्माको संयोजकत्वमा अस्थायी शिक्षकको समस्या समाधानका लागि सुझाव दिन एक समिति गठन गऱ्यो । यो समितिले "साउन २१, २०६१ सम्मका अस्थायी शिक्षकलाई आन्तरिक प्रतिस्पर्धा गराउने र स्थायी हुनेहरूका लागि सम्पूर्ण अस्थायी सेवा अवधि गणना गर्ने साथै परीक्षामा असफल हुनेहरूका निम्ति औषधी उपचारको सुविधा सहित उपदान दिने व्यवस्था गर्ने" सुझाव तत्कालीन शिक्षामन्त्री विमलेन्द्र निधिलाई दियो । तर मन्त्रालयले यो सुझावलाई कार्यान्वयनमा लगेन (क्षेत्री २०७३) । मन्त्रालयले अस्थायी शिक्षकसँग गरेको सम्झौता कार्यान्वयन नगरेको भनी पुन: अस्थायी शिक्षकले आन्दोलन चर्काए । आन्दोलन चर्कंदै गएपछि मंसिर ८, २०६३ मा आठ राजनीतिक दलका प्रतिनिधिको रोहवरमा तत्कालीन शिक्षामन्त्री र अस्थायी शिक्षकबीच वार्ता भयो । यो वार्तामा "वैशाख १०, २०६३ सम्म नियुक्ति पाई कार्यरत अस्थायी, लियन, परियोजना र विस्थापित शिक्षकहरूले अस्थायी शिक्षकहरूको रिक्त दरवन्दीमा प्रतियोगिता गर्ने र अस्थायी सेवा अवधि गणनाको प्रक्रिया शुरू गर्ने सहमति" भयो ।[२१]

---

परियोजना र विस्थापित शिक्षक समेतले भाग लिन पाउने गरी तोकिए बमोजिम छुट्टै प्रतियोगिता गर्ने र अस्थायी शिक्षकको हकमा उमेरको हद नलाग्ने तथा यो प्रतियोगिताबाट स्थायी हुन नसकेका मध्ये पाँच वर्षभन्दा बढी अस्थायी सेवा अवधि हुने शिक्षकलाई नेपाल सरकारले तोके बमोजिमको सुविधा दिनसक्ने विधेयक पारित गऱ्यो ।

[१९] नेपाल शिक्षक महासंघका महासचिव तिलक कुँवरले शिक्षा ऐनको आठौँ संशोधनलाई "शिक्षकमैत्री संशोधन" भनेका छन् (कुँवर २०७३) ।

[२०] नेपालमा अस्थायी शिक्षकको समस्या २०३० सालदेखि नै देखिँदै आएको छ । तर यो लेखले २०४६ सालपछिको अवस्थालाई मात्र समेट्छ ।

[२१] हेर्नुहोस्, www.edukhabar.com/news/1788; माघ १२, २०७६ मा हेरिएको ।

विशेष गरी २०६२–२०६३ सालको राजनीतिक परिवर्तनपछि तत्कालीन नेपाली काँग्रेस (नेकाँ) समर्थित नेपाल शिक्षक संघ र नेपाल कम्युनिस्ट पार्टी (एमाले) समर्थित नेपाल राष्ट्रिय शिक्षक संगठनले पनि शिक्षा ऐनमा संशोधन गरी "अस्थायी शिक्षक" लाई आन्तरिक प्रतिस्पर्धाका आधारमा स्थायी गर्नुपर्ने विषयलाई मुद्दा बनाए। यसअघि अस्थायी शिक्षकको मागबारे खासै गम्भीर/चिन्तित नदेखिएका नेकाँ र नेकपा (एमाले) सँग निकट यी संघ-संगठनलाई यो परिस्थितिमा भने अस्थायी शिक्षकको माग उठाउनैपर्ने "राजनीतिक बाध्यता" समेत आइपऱ्यो।[२२] यदि यसो नगरेको खण्डमा नेपाल कम्युनिस्ट पार्टी-माओवादी समर्थित अखिल नेपाल शिक्षक संघले अस्थायी शिक्षकको मागलाई प्रमुख मुद्दा बनाउने थियो जसले अस्थायी शिक्षकको समुदाय "माओवादीकरण" हुनसक्ने थियो। यसै बेला (२०६० साल) मा नेपाल शिक्षक संघ, नेपाल राष्ट्रिय शिक्षक संगठन, नेपाल राष्ट्रिय शिक्षक परिषद् सहित अन्य पाँच ओटा संस्था मिलेर छाता संस्थाका रूपमा "नेपाल शिक्षक युनियन" गठन गरे। त्यसै गरी, २०६३ सालमा नेपाल शिक्षक युनियनले समेट्न नसकेका शिक्षकका अन्य संघ-संस्था समेटेर माओवादी समर्थित अखिल नेपाल शिक्षक संघको अगुवाइमा "शैक्षिक गणतान्त्रिक मञ्च" को गठन भयो। २०६३ सालपछि शिक्षकका छाता संस्था मानिएका—नेपाल शिक्षक युनियन र शैक्षिक गणतान्त्रिक मञ्च—ले शिक्षा ऐन संशोधन गरी आन्तरिक प्रतिस्पर्धाका आधारमा अस्थायी शिक्षकलाई स्थायी गर्नुपर्ने, आन्तरिक प्रतिस्पर्धामा भाग लिन अस्थायी शिक्षकको हकमा उमेरको हद नलाग्ने र उपरोक्त प्रतिस्पर्धामा उत्तीर्ण हुन नसक्नेका लागि औषधी उपचारको सुविधा सहित उपदान दिनुपर्ने माग राखी आन्दोलन अगाडि बढाए।

नेपाल शिक्षक युनियन, शैक्षिक गणतान्त्रिक मञ्च र अस्थायी शिक्षक केन्द्रीय आन्दोलन समितिले गरेका चरणबद्ध आन्दोलनका मागलाई सम्बोधन गर्न कात्तिक ११, २०६६ मा शिक्षामन्त्री रामचन्द्र कुशवाहा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्री मिनेन्द्र रिजाल र शान्ति तथा पुनर्निर्माण मन्त्री रकम चेम्जोङ सदस्य रहेको समिति र शिक्षाका पेसागत संस्थाहरू—नेपाल शिक्षक युनियन, शैक्षिक गणतान्त्रिक मञ्च, लोकतान्त्रिक शिक्षक युनियन र मधेसी शिक्षक फोरमका प्रतिनिधि—बीच १२ बुँदे सहमति भयो।[२३] ऐन संशोधन गरी आन्तरिक प्रतिस्पर्धाबाट अस्थायी शिक्षक स्थायी गर्ने, ऐनको संशोधन विधेयक माघ मसान्त २०६६ सम्ममा पेस गर्ने र सो प्रतिस्पर्धामा उत्तीर्ण हुन नसकेका शिक्षकलाई स्थायी शिक्षकले पाउने सरह "उपदान दिने" जस्ता पुरानै सम्झौतालाई यस

[२२] अस्थायी शिक्षक आन्दोलन केन्द्रीय समितिका तत्कालीन अध्यक्ष निरेन्द्र कुँवरसँग मंसिर तेस्रो हप्ता, २०७६ मा गरिएको कुराकानी।

[२३] कात्तिक ११, २०६६ मा सरकार र शिक्षकका विभिन्न संघ-संस्थाबीच भएका सहमतिका बुँदाका लागि हेर्नुहोस्, नेपाल शिक्षक संघ (२०७४ : ११६–१२०)।

सहमतिमा पुन: निरन्तरता दिइयो। साथै, विद्यालयमा कर्मचारीको व्यवस्थापन, शिक्षकको समयबद्ध पदोन्नति र सरकारले शिक्षकको बीमा गर्ने लगायत विषयमा समेत त्यति बेला सहमति भयो।[२४] कात्तिक ११, २०६६ को सहमति सरकारले कार्यान्वयन नगरेपछि शिक्षकले पुन: आन्दोलन चर्काए। शिक्षकका प्रतिनिधि संस्थाहरूले २०६८ देखि २०७२ सालसम्म गरेका आन्दोलन/संघर्षबारे नेपाल शिक्षक महासंघका महासचिव तिलक कुँवर लेख्छन् :

> सरकारले यति सम्झौता गरिसकेपछि अब त परीक्षा होला भनेर अस्थायी शिक्षक साथीहरू परीक्षाको तयारीमा जुट्नुभयो। तर, दुर्भाग्य, फेरि पनि परीक्षा भएन। अनि २०६८ सालमा पुन: अर्को आन्दोलन शुरू गऱ्यौँ; अलिक फरक खालको। छापामार शैलीको त्यो आन्दोलनमा शिक्षामन्त्रीलाई कार्यकक्षमा बन्दी बनाएर ठूलो जोखिम मोलेका थियौँ। यस्तो दबाबपछि चैत २, २०६८ मा सरकारले हामीसँग ३५ बुँदे सम्झौता गऱ्यो। त्यो सम्झौतामा प्रस्ट लेखिएको थियो "अहिलेसम्म अस्थायी रहेका शिक्षकको हकमा आन्तरिक प्रतिस्पर्धा गराइने छ। आन्तरिक प्रतिस्पर्धामा अनुत्तीर्ण शिक्षकहरूलाई सेवा अवधि गणना गरी...उपदान दिइने छ"। यति मात्र होइन, ऐन तथा नियमवलीमा प्रबन्ध भए अनुसार स्थायी शिक्षकले पाए सरहको औषधी उपचार खर्च [समेत दिइने छ]। त्यसपछि पनि परीक्षा हुन्छ भनेर पर्खेर बस्यौँ। सरकारले त्यसका लागि ऐन परिवर्तन गर्ने कुरा गऱ्यो। हामी शिक्षा ऐन आठौँको संशोधनमा केन्द्रित भयौँ। २०७१–२०७२ सालमा शिक्षक महासंघको व्यानरमा देशव्यापी आन्दोलन गऱ्यौँ। आन्दोलनको एजेन्डा एउटै थियो—विगतको सहमति अनुसार शिक्षा ऐन आठौँ संशोधन गरियोस्। (कुँवर २०७४ : ३८–३९)

विभिन्न १८ ओटा शिक्षकका पेसागत संघ-संस्था मिलाएर फागुन २०७१ मा शिक्षकको छाता संस्थाको रूपमा नेपाल शिक्षक महासंघको स्थापना भयो।[२५] विद्यालय सम्बद्ध शिक्षक तथा कर्मचारीको छाता संगठनको रूपमा महासंघ गठन भएपछि भने शिक्षकका

[२४] वि.सं. २०६५ मा गठित शिक्षा मन्त्रालयका सहसचिव जनार्दन नेपाल संयोजक रहेको समिति र वि.सं. २०६६ मा उनकै संयोजकत्वमा गठित अर्को समितिले बुझाएको प्रतिवेदन समेत "अस्थायी शिक्षकको सेवा अवधि गणना गर्ने र परीक्षामा असफल हुनेका निम्ति औषधी उपचारको सुविधा सहित उपदान दिने" विषयलाई उठाएको थियो।

[२५] शिक्षक संघ-संगठन भित्र विद्यालय तहका सबै शिक्षक तथा कर्मचारीको छाता संगठनको रूपमा नेपाल शिक्षक महासंघ गठन गर्ने छलफल वि.सं. २०५० को दशकको मध्यदेखि नै चल्न थालेको हो। यद्यपि माघ २६, २०७१ मा नेपाल शिक्षक युनियनको काठमाडौँमा भएको महाधिवेशनले नेपाल शिक्षक युनियन र नेपाल शैक्षिक गणतान्त्रिक मञ्चबीच एकता गरी महासंघ बनाउने निर्णय गरेको थियो। सोही अधिवेशनले महासंघको नेतृत्व चयनको मापदण्ड तय गर्न

पेसागत मागलाई चैत २०७१ पछि महासंघले अगाडि बढाएको देखिन्छ । नेपाल शिक्षक महासंघका महासचिव तिलक कुँवरले भनेजस्तै २०७१–२०७२ सालमा शिक्षक महासंघले गरेको देशव्यापी आन्दोलनले शिक्षा ऐनको आठौँ संशोधनका लागि निर्णायक भूमिका खेलेको थियो ।[२६] महासंघले दाबी गरे अनुसार उक्त ऐन संशोधनमा संशोधित भएका ३७ बुँदामध्ये २७ शिक्षकका पक्षमा रहेका थिए (कुँवर २०७५) ।[२७]

शिक्षा ऐन आठौँ संशोधनमा अस्थायी शिक्षकलाई सुविधा सहितको अवकाश (गोल्डेन ह्याण्डशेक) रोज्ने कि आन्तरिक प्रतिस्पर्धामा भाग लिने भन्ने विकल्प दिइएको थियो । संशोधित ऐनको प्रावधान अनुसार परीक्षामा भाग लिएका शिक्षकले परीक्षामा पास हुन नसकेमा पनि "गोल्डेन ह्याण्डशेक" अन्तर्गतको सुविधा पाउने थिएनन् (लम्साल २०७४) । साथै, शिक्षा ऐन आठौँ संशोधनले ४९ प्रतिशत आन्तरिक र ५१ प्रतिशत खुला प्रतिस्पर्धाबाट शिक्षक छनोट गर्ने प्रावधान समेत तय गऱ्यो । अस्थायी शिक्षक व्यवस्थापनको हकमा आठौँ संशोधनमा भएको उक्त प्रावधानलाई शिक्षक महासंघ लगायत शिक्षामा सरोकार राख्ने धेरैले सकारात्मक मानेका थिए (रामजी दाहाल २०७४; वाग्ले २०७४; अधिकारी २०७३; कुँवर २०७४) ।

शिक्षा ऐन आठौँ संशोधन भयो तर संशोधित ऐन कार्यान्वयन गर्न आवश्यक पर्ने शिक्षा नियमावलीको संशोधन गर्न भने तत्कालीन शिक्षा मन्त्रालयको नेतृत्व (शिक्षामन्त्री धनिराम पौडेल) पूरै असफल देखियो (रामजी दाहाल २०७३) । उता शिक्षा सेवा आयोगले संशोधित शिक्षा ऐनमा टेकेर चैत तेस्रो हप्ता, २०७३ मा अस्थायी शिक्षकको व्यवस्थापनको निम्ति आन्तरिक प्रतियोगिता (असार २४, २०७४ मिति तोकेर) एवं सुविधा सहितको

---

नेपाल राष्ट्रिय शिक्षक संगठनका तत्कालीन अध्यक्ष बाबुराम थापाको संयोजकत्वमा विद्यालय सम्बद्ध १८ ओटा संगठनका अध्यक्ष रहेको अध्यक्ष मण्डल बनाएको थियो ।

[२६] नेपाल शिक्षक महासंघको नेतृत्वमा चैत २०७१ बाट शुरू भएको आन्दोलन भदौ २५, २०७२ मा सरकारसँग तीन बुँदे सहमति गरेर टुंगिएको थियो । त्यस मध्येको "शिक्षकहरूसँग विगतमा भएका सहमति कार्यान्वयनमा ल्याउन शिक्षा ऐनमा संशोधन गर्ने" भन्ने बुँदा महत्त्वपूर्ण थियो ।

[२७] विभिन्न राजनीतिक दल आबद्ध शिक्षक संघ-संगठन शिक्षा ऐनको आठौँ संशोधन आफ्नै पहलमा भएको भन्दै जस लिन अघि सरेका देखिन्छन् । उदाहरणका लागि एकीकृत अखिल नेपाल शिक्षक संगठनले आफ्नो एक प्रतिवेदनमा भनेको छ, "हामीले हाम्रो पार्टीको शिक्षा विभाग, संगठनको प्रयाक्सन इन्चार्ज, शिक्षासँग सम्बद्ध पार्टीका वरिष्ठ नेताहरू र सिंगो संगठनबीच बुझाइमा एकरूपता ल्याई *शिक्षा ऐन, २०२८* आठौँ संशोधनको ११ (च) लाई हाम्रो पहलकदमीमा देखिनेगरी संशोधन गर्न, गराउन सफल भयौँ" (एकीकृत अखिल नेपाल शिक्षक संगठन २०७५ : १३४) । यस बाहेक शिक्षकहरूका सम्बन्धमा अन्य धेरै थरी उपलब्धिहरू प्राप्त गर्नमा पनि आफ्नो संगठनको भूमिका रहेको दाबी प्रतिवेदनमा छ ।

अवकाशका लागि आवेदन खुलायो । करिब १२ हजार अस्थायी शिक्षकले सुविधा सहितको अवकाशका लागि निवेदन समेत दिए । तर भदौ पहिलो हप्ता २०७४ मा अस्थायी शिक्षकहरूको आन्तरिक प्रतिस्पर्धाका लागि तोकिएको परीक्षा भने एकाएक अनिश्चित बन्न पुग्यो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले भदौ ५, २०७४ मा "अविरल वर्षा" लाई कारण देखाउँदै शिक्षा मन्त्रालय मार्फत शिक्षा सेवा आयोगलाई भदौ १०, २०७४ को पूर्वनिर्धारित परीक्षा असोज ८, २०७४ सम्मका लागि सार्न निर्देशन दियो । यद्यपि पछि त्यसलाई पनि अनिश्चित कालका लागि स्थगित गरियो ।[२८] "अविरल वर्षा" का कारणले अस्थायी शिक्षकको परीक्षा सारिएको भनी बाहिर प्रचार गरिए पनि खासमा अस्थायी शिक्षकको अनुरोधमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको निर्देशनमा सो परीक्षा स्थगित भएको थियो (रामजी दाहाल २०७४) ।[२९] शिक्षा ऐन आठौँ संशोधन मार्फत सल्टिने आशा गरिएको अस्थायी शिक्षकको व्यवस्थापनलाई तत्कालीन सरकारले किन अगाडि बढाउन चाहेन ? र, अनपेक्षित रूपमा शिक्षा ऐनको नवौँ संशोधनतर्फ सरकार किन अघि बढ्यो भन्नेबारे यस पछिको शीर्षकमा चर्चा गरिएको छ ।

### *शिक्षा (नवौँ संशोधन) ऐन, २०७४*

संशोधित ऐन अनुसार आन्तरिक परीक्षा रोजेर पास हुन नसक्ने शिक्षक खाली हात घर जानुपर्ने भएकाले शिक्षक महासंघ भित्रका केही घटक (विशेष गरी नेपाल शिक्षक संघ) ले उक्त व्यवस्था अन्यायपूर्ण भएको ठहर गर्दै आएका थिए । शिक्षा ऐन आठौँ संशोधनलाई बुझ्नेबारे अस्थायी शिक्षकबीच पनि प्रशस्तै मत भिन्नता थियो । केही अस्थायी शिक्षक सुविधा सहितको अवकाश लिन तयार देखिए पनि बहुसंख्यक, जो आन्तरिक प्रतिस्पर्धामा सहभागी हुन चाहन्थे, भने परीक्षामा असफल भए पनि आफ्नो विगतको योगदानलाई कदर गर्दै सुविधा सहितको उपदान दिनुपर्ने मान्यता राख्दथे ।[३०] त्यसमाथि शिक्षा ऐन

[२८] स्थगित हुनुअघि यो परीक्षाको मिति तोक्ने र सार्ने कार्य पटक-पटक भएको देखिन्छ । शुरूमा परीक्षा असार २४, २०७४ मा गर्ने भनिए पनि शिक्षा सेवा आयोगद्वारा असार ५, २०७४ मा सूचना दिएर असार २४ मा तोकिएको परीक्षा भदौ ३, २०७४ मा सारियो । साउन ३१, २०७४ मा भदौ ३, २०७४ का लागि तोकिएको परीक्षा पुन: भदौ १०, २०७४ मा सारियो । अन्तमा सो परीक्षा मिति असोज ८, २०७४ पुऱ्याइएकोमा भदौ ६, २०७४ मा प्रधानमन्त्री कार्यालयको पत्रलाई आधार बनाउँदै परीक्षालाई अनिश्चित समयका लागि स्थगित गरियो (रामजी दाहाल २०७४) ।

[२९] भदौ ५, २०७४ मा मन्त्रिपरिषद् बैठकबाट बाहिरिँदै गर्दा प्रधानमन्त्री शेरबहादुर देउवाले "अस्थायी शिक्षकले परीक्षा सार्नुपर्ने भनेका छन्, सार्ने व्यवस्था गर्नु" भनी मुख्यसचिव राजेन्द्र क्षेत्रीलाई निर्देशन दिएको रामजी दाहाल (२०७४ : २८) ले एक रिपोर्टमा उल्लेख गरेका छन् ।

[३०] अस्थायी शिक्षक आन्दोलन समितिका तत्कालीन अध्यक्ष निरेन्द्र कुँवरसँग कात्तिक पहिलो हप्ता, २०७६ मा गरिएको कुराकानी ।

आठौँ संशोधनप्रति असन्तुष्ट यो समूहले चैत २, २०६८ मा शिक्षा मन्त्रालय र शिक्षकका प्रतिनिधिबीच भएको सहमतिलाई पनि समाते । त्यस बेला "आन्तरिक प्रतिस्पर्धामा अनुत्तीर्ण अस्थायी शिक्षकहरूलाई स्थायी सरह औषधोपचार खर्च उपदान दिने भन्ने सहमति भएको तर अहिले आन्तरिक प्रतिस्पर्धामा जाने कि उपदान लिने ? भनेर त्यति बेलाको सम्झौता विपरीत ऐन संशोधन गरिएको" उनीहरूको गुनासो थियो । त्यसैले आठौँ संशोधनमा रहेको उक्त प्रावधानलाई परिवर्तन गर्नुपर्ने उनीहरूले माग गरे (बीसी २०७३ : ३३) ।[३१]

पारित शिक्षा ऐन आठौँ संशोधनले कार्यरत अस्थायी शिक्षकलाई पदमुक्त हुने परिस्थिति सिर्जना गरेको भन्दै चार बुँदे माग राखेर असार १५, २०७३ बाट "अस्थायी शिक्षक आन्दोलन केन्द्रीय समिति" ले आन्दोलन अघि बढायो (अन्नपूर्ण पोस्ट् २०७३) ।[३२] साथै, असार २, २०७४ बाट उनीहरूले काठमाडौँ, भद्रकालीमा आमरण अनशन समेत शुरू गरे । यसै क्रममा तत्कालीन उपप्रधान तथा शिक्षामन्त्री गोपालमान श्रेष्ठको रोहबरमा आन्दोलनरत अस्थायी शिक्षक, नेपाल शिक्षक महासंघ, शिक्षा मन्त्रालयबाट गठित वार्ता टोलीबीच असार ९, २०७४ मा चार बुँदे सहमति भयो ।[३३] सहमतिको पहिलो बुँदामा "सबै अस्थायी शिक्षकलाई आन्तरिक परीक्षामा सहभागी हुन मौका प्रदान गरी परीक्षामा सफल हुन नसकेका शिक्षकको हकमा शिक्षा ऐन आठौँ संशोधनले गरेको व्यवस्था अनुसारको सुविधाका अतिरिक्त औषधी उपचार खर्च समेतको व्यवस्था गर्न शिक्षा ऐनमा संशोधनको प्रक्रिया तत्काल अगाडि बढाउने" भनियो ।[३४]

अस्थायी शिक्षकसँग भएको यसै सहमतिलाई टेकेर भदौ १२, २०७४ मा तत्कालीन उपप्रधानमन्त्री तथा शिक्षामन्त्री गोपालमान श्रेष्ठले शिक्षा ऐनको नवौँ संशोधन विधेयक

[३१] चैत २, २०६८ मा शिक्षामन्त्री सहित प्रमुख दलका नेता तथा संसदीय दलका प्रमुख सचेतक देव गुरुङ, लक्ष्मण घिमिरे, भीम आचार्य, मिनेन्द्र रिजाल, अग्नि सापकोटाको उपस्थितिमा शिक्षा मन्त्रालयको तर्फबाट जनार्दन नेपाल र नेपाल शिक्षक युनियन, नेपाल शैक्षिक गणतान्त्रिक मञ्च – संयुक्त शैक्षिक आन्दोलन राष्ट्रिय समितिको तर्फबाट चुन्नीशरण यादव, उपेन्द्र यादव, बाबुराम थापा र लालबहादुर बीसीले हस्ताक्षर गरेका थिए (नेपाल शिक्षक संघ २०७४ : १२१–१२५) ।

[३२] अस्थायी शिक्षक आन्दोलन केन्द्रीय समितिले राखेका चार बुँदे माग यसप्रकार छन् : (१) सम्पूर्ण अस्थायी शिक्षकलाई प्रक्रिया पुऱ्याई स्थायी गरिनुपर्ने, (२) शतप्रतिशत अस्थायी सेवा अवधिमा गणना गरिनुपर्ने, (३) अवकाश प्राप्त अस्थायी शिक्षकलाई स्थायी शिक्षक सरहको औषधी उपचार र उपदान उपलब्ध गराउनुपर्ने, र (४) स्वेच्छिक अवकाश लिन चाहने अस्थायी शिक्षकलाई स्थायी शिक्षक सरह सेवा सुविधा प्रदान गरिनुपर्ने (अन्नपूर्ण पोस्ट् २०७३) ।

[३३] शिक्षामन्त्री गोपालमान श्रेष्ठको उपस्थितिमा आन्दोरत अस्थायी शिक्षक, नेपाल शिक्षक महासंघ र शिक्षा मन्त्रालयबीच यो चार बुँदे सम्झौता भएको थियो ।

[३४] यो सम्झौताको प्रतिलिपि https://ekantipur.com/news/2017/06/23/20170623180918.html मा उपलब्ध छ; माघ १०, २०७६ मा हेरिएको ।

संसद्‌मा दर्ता गराए । नवौँ संशोधनमा अस्थायी शिक्षकले परीक्षा दिन चाहेमा सो परीक्षा दिन पाउने अनि परीक्षामा असफल भए पनि "गोल्डेन ह्याण्डशेक" को सुविधाबाट वञ्चित हुनु नपर्ने वा परीक्षा नदिइकन सिधै सुविधा रोज्न पाइने व्यवस्था थियो (लम्साल २०७४) । त्यसै गरी, शिक्षा ऐनको आठौँ संशोधनमा शिक्षकको रिक्त पदका लागि खोलिएको तेस्रो विज्ञापन (साउन २२, २०६१ देखि असोज २, २०७२) तर्फ ४९ प्रतिशत आन्तरिक र ५१ प्रतिशत खुला प्रतिस्पर्धाबाट शिक्षक पदपूर्ति गर्ने भन्ने प्रावधानलाई परिवर्तन गरी नवौँ संशोधनमा ७५ प्रतिशत आन्तरिक र २५ प्रतिशत खुला प्रतिस्पर्धाबाट पदपुर्ति गर्ने भन्ने प्रावधान राखियो ।[३५] ऐनमा यी प्रावधान राख्न अस्थायी शिक्षकहरूले संगठन मार्फत आफू निकटका राजनीतिक दललाई चर्को दबाब दिएका थिए (शर्मा २०७४) ।

शिक्षा ऐन नवौँ संशोधन व्यवस्थापिका संसद्‌मा छलफलका लागि दर्ता भएपछि सदन र सडक दुवैमा यसको विरोध भयो (कान्तिपुर २०७४ख, २०७४ग; व्यवस्थापिका संसद् २०७४) । व्यवस्थापिका संसद्‌मा बोल्दै सांसद गगन कुमार थापाले "अस्थायी शिक्षकको माग सम्बोधन [गर्ने] नाममा विद्यार्थीमाथि, विद्यालय [शिक्षा] माथि अन्याय गर्‍यौँ भने यो गलत हुने" बताए (व्यवस्थापिका संसद् २०७४ : १९०३) । थापाले संशोधित विधेयकमा भएको शिक्षक पदपूर्ति ७५ प्रतिशत आन्तरिक र २५ प्रतिशत खुलाबाट भएको प्रावधानलाई उल्ट्याई "७५ प्रतिशत खुला र २५ प्रतिशत आन्तरिक" बाट शिक्षकको पदपूर्ति गर्ने संशोधन प्रस्ताव समेत हालेका थिए । सांसदहरू रविन्द्र अधिकारी, रामेश्वर फुँयाल, जनकराज जोशी, श्याम श्रेष्ठ र प्रेम सुवाल लगायतले शिक्षा (नवौँ संशोधन) विधेयकलाई थप छलफलका लागि संसदीय समितिमा पठाउनुपर्ने बताए ।[३६]

संसद्‌मा भएको छलफल अध्ययन गर्दा केही सांसदले सोही दिन संसद्‌बाट पारित *स्थानीय सरकार सञ्चालन ऐन, २०७४* मा विद्यालय शिक्षा सञ्चालनको अधिकार स्थानीय सरकारलाई दिइसकेकोले यो ऐन संशोधन गर्नु अनुपयुक्त रहेको बताएका थिए । कानूनका ज्ञाता समेत मानिएका सांसद राधेश्याम अधिकारीले यसबारे भने :

> संविधानले यति बेला विद्यालय शिक्षाको व्यवस्थापन गर्ने जिम्मा स्थानीय सरकारलाई दिएको छ । आज हामीले स्थानीय सरकार सञ्चालन सम्बन्धी कानून पास गर्‍यौँ । अब

[३५] अस्थायी शिक्षकको आन्तरिक परीक्षा गर्ने सम्बन्धमा शिक्षा ऐनको आठौँ संशोधनमा तीन समूहमा वर्गीकरण गरिएको थियो : पुस २०, २०४९ अघिका रिक्त शिक्षक पदका लागि; पुस २१, २०४९ देखि साउन २१, २०६१ सम्मका रिक्त शिक्षक पदका लागि र साउन २२, २०६१ देखि असोज २, २०७२ सम्मको रिक्त शिक्षक पदका लागि (लम्साल २०७४) ।

[३६] *शिक्षा (नवौँ संशोधन) विधेयक, २०७४* माथि एकल र संयुक्त गरी ३७ ओटा संशोधन प्रस्ताव दर्ता भएका थिए ।

> हामीसँग कुन नैतिक आधार छ कि हामी यहाँबाट यो आठौँ संशोधनलाई नवौँ संशोधनमा परिणत गरेर [स्थानीय सरकारको अधिकार] हस्तक्षेप गर्दै जाउँ, हामी कसको अधिकार खोस्दै छौँ। यो पनि विचार गरौँ कि यो नैतिक हिसाबले पनि मिल्दैन, कानूनी हिसाबले पनि मिल्दैन। यस्ता कामहरू गर्दै जाने र यो संसद् टुलुटुलु हेरेर बस्ने हो भने के हामी यहाँ "रबर स्ट्याम्प" हुन बस्या हौँ, यो हुन सक्दैन। (व्यवस्थापिका संसद् २०७४ : १९०६)

सांसद रविन्द्र अधिकारीले पनि "स्थानीय सरकार सञ्चालन ऐन" ले दिएको अधिकार कटौती हुने गरी संसद्ले शिक्षा ऐनको नवौँ संशोधन पारित गर्न नहुनेमा जोड दिएका थिए। त्यसै गरी, सांसद जनकराज जोशीले भने अस्थायी शिक्षकको दबाबमा परेर शिक्षा ऐन संशोधन गर्ने कार्यले अरू खाले अस्थायी प्रकृतिका कर्मचारीमा "डेमोन्स्ट्रेसन इफेक्ट" पर्न जाने भएकाले संसद्ले यस्तो कार्य गर्नु नहुने तर्क गरेका थिए (व्यवस्थापिका संसद् २०७४)। शिक्षा ऐन नवौँ संशोधनप्रति सांसदहरूले उठाएका विभिन्न विचार/प्रश्नको उत्तर दिँदै उपप्रधान तथा शिक्षामन्त्री गोपालमान श्रेष्ठले विगतमा नेपाल सरकारसँग विभिन्न समयमा शिक्षक संघ-संगठनसँग भएका सम्झौता अनुसार नै शिक्षा नवौँ संशोधन विधेयक संसद्मा प्रस्तुत गरेको जानकारी दिए। श्रेष्ठले संसद्मा भने :

> विगतमा नेपाल सरकारले शिक्षक व्यवस्थापनको समस्या सुल्झाउन विभिन्न मितिमा शिक्षकका संगठनहरू [सँग] पटक-पटक सम्झौता गरेको थियो। यिनै समस्या समाधानका लागि हामी सबै मिलेर शिक्षा ऐन आठौँ संशोधन गरियो। यस ऐनको कार्यान्वयनको क्रममा शिक्षक स्थायी गर्न गरिएको विज्ञापन पश्चात् अस्थायी शिक्षकहरू आफूलाई न्याय नभएको भनी आमरण अनशनमा बस्न पुगे। यी सबै परिस्थितिलाई मनन् गरी शिक्षक व्यवस्थापन विगत देखिका समस्या समाधान गर्ने उद्देश्यले सरकारले *शिक्षा ऐन, २०२८* मा नवौँ संशोधन गर्न विधेयक यस सम्मानित सदनमा पेस गरेको व्यहोरा सबैलाई विदित्तै छ। (व्यवस्थापिका संसद् २०७४ : १९०९)

संसद्मा भएका यी छलफल हेर्दा शिक्षा ऐनको नवौँ संशोधनबारे तत्कालीन सत्तापक्षीय (गगन थापा, राधेश्याम अधिकारी) र प्रतिपक्षीय दुवै थरी सांसदको विमति देखिन्थ्यो। यस विषयमा संसदीय बहसमा भाग लिने १० जनामध्ये दुई जना सांसद मात्र नवौँ संशोधनको समर्थनमा उभिएका थिए।[३७] उक्त विधेयकमाथि ३७ ओटा संशोधनका सूचना दर्ता भए

[३७] समर्थन गर्नेमा गौरी कुमारी ओली र गीता क्षेत्री (मधेसी जनअधिकार फोरम, लोकतान्त्रिक) थिए। रविन्द्र अधिकारी, राधेश्याम अधिकारी, जनकराज जोशी, प्रेम सुवाल, रामेश्वर फुयाल, श्याम कुमार श्रेष्ठ र विकास लम्साल यसको विपक्षमा थिए।

पनि धेरैजसो संशोधनकर्ता भने विधेयकबारे छलफल गर्दा संसद्मा उपस्थित थिएनन् ।[३८] साथै, उक्त संशोधन विधेयक सोही दिन (असोज ३, २०७४) संसद्बाट पारित भयो । पारित भएपछि शिक्षा विद्हरूको एक समूहले त्यसलाई प्रमाणीकरण नगर्न राष्ट्रपति विद्यादेवी भण्डारीलाई आग्रह समेत गरे (कान्तिपुर २०७४ग) ।[३९] विद्यार्थी संघ-संगठनले पनि पारित भइसकेको सो ऐन खारेज हुनुपर्ने माग राखी आन्दोलन गरे । विवादका बीच संसद्बाट पारित भएको करिब महिना दिनपछि (कात्तिक ६, २०७४ मा) उक्त संशोधित विधेयक राष्ट्रपतिबाट प्रमाणीकरण भई कार्यान्वयनमा आयो ।

## निष्कर्ष

यो लेखमा विद्यालय शिक्षाको "गभर्नेन्स" पक्ष विशेष गरी शिक्षा सम्बन्धी विधि विधान बनाउने प्रक्रियामा शिक्षक संघ-संगठनको भूमिकाको लेखाजोखा गरियो । शिक्षक संघ-संगठनको भूमिका शिक्षकको पेसागत हकहितका लागि कतिपय अवस्थामा महत्त्वपूर्ण रहिआएको छ । यही लेखमा चर्चा गरिए झैँ शिक्षक बिमाको व्यवस्था, लामो समय यही पेसामा जीवन व्यतित गरेका शिक्षकहरूलाई स्थायी गर्ने सम्बन्धी कानूनी प्रावधान, आदि केही उदाहरण हुन् । यस्ता उपलब्धिलाई यहाँ नजरअन्दाज गर्न खोजिएको होइन । यद्यपि नेपालको शिक्षा क्षेत्रलाई दीर्घकालीन प्रभाव पार्ने मुद्दाहरूमा नीति निर्माण गर्ने सम्बन्धमा शिक्षक संघ-संगठनको हस्तक्षेपले कसरी नकारात्मक प्रवृत्तिको विजारोपण गरेको छ भन्ने तथ्य यो अध्ययनले उजागर गरेको छ । लेखको मूल खण्डमा गरिएका चर्चा/विश्लेषणबाट नेपालमा विद्यालय शिक्षाको "गभर्नेन्स" प्रक्रियाबारे केही प्रारम्भिक निष्कर्ष निकाल्न सकिन्छ । पहिलो, पछिल्ला दशकमा विद्यालय शिक्षा सम्बन्धी नीति, विधि विधान बनाउने वा संशोधन गर्ने प्रक्रियामा हस्तक्षेपकारी भूमिका सहित शिक्षकका संघ-संगठन बलिया देखिए । बरु विश्व बैंक जस्ता दातृ निकायले विद्यालयको गभर्नेन्समा परियोजना मार्फत गर्न खोजेको नीतिगत परिवर्तनमा अपेक्षाकृत सफलता प्राप्त गर्न सकेनन् । यसले शिक्षा नीति बनाउने प्रक्रियामा दातृ निकाय (ऐड एजेन्सी) को भूमिका महत्त्वपूर्ण छ भन्ने यसअघि भएका अध्ययन (कार्ने र विष्ट सन् २००९; ऱ्याफ्ले सन् २०११; भट्ट सन् २०११;

[३८] यो विधेयक कुल सांसद संख्याको करिब २६ प्रतिशत (१५५ जना) संसद् सदस्यको उपस्थतिमा पारित भएको हो (गौतम २०७४) ।

[३९] शिक्षाविद्को यो समूहमा त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति केदारभक्त माथेमा, काठमाडौँ विश्वविद्यालयका पूर्व उपकुलपति सुरेशराज शर्मा, त्रिविका विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्रका पूर्व निर्देशक केदारलाल श्रेष्ठ, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका संस्थापक उपकुलपति डा. अर्जुन कार्की र शिक्षाविद् मनप्रसाद वाग्ले, आदि थिए ।

रेग्मी सन् २०१५) का तर्क कमसेकम पछिल्ला दशकमा लागू हुँदैनन् भन्ने देखाउँछ । साथै, यसले शिक्षक संघ-संगठन दातृ निकाय (ऐड एजेन्सी) को सहयोगमा सञ्चालित शिक्षा सुधार परियोजनाप्रति सकारात्मक बन्न नसकेको विषय समेत उजागर गर्छ ।[४०]

दोस्रो, नेपालका शिक्षक संघ-संगठन देशैभरि सञ्जाल फैलाएका, राजनीतिक दलसँग कुनै न कुनै रूपमा सम्बन्ध स्थापित गरेका र खास राजनीतिक दर्शन (मूलत: वामपन्थी वा उदार लोकतन्त्र पक्षधर) द्वारा प्रशिक्षित नागरिक समाजका सम्भवत: सबैभन्दा बलिया र संगठित समूह हुन । उदाहरणका लागि नेपाली काँग्रेससँग नजिक मानिएको नेपाल शिक्षक संघमा करिब ८३ हजार शिक्षक सदस्य छन् । त्यसै गरी, वामपन्थी दल निकट नेपाल राष्ट्रिय शिक्षक संगठनमा ७४ हजार शिक्षक आबद्ध छन् ।[४१] विद्यालय तहदेखि केन्द्रीय तहसम्मै उनीहरूले संस्थागत संरचना सहित संगठन विस्तार गरेका छन् । एक अध्ययन अनुसार "करिब १७ हजार शिक्षक राजनीतिक दलका सक्रिय नेता कार्यकर्ता" छन् (विश्वकर्मा २०७३) । शिक्षकको सबैभन्दा मजबुत अन्तर्राष्ट्रिय संगठन "एजुकेशन इन्टरनेशनल" सँग नेपालका प्रमुख शिक्षक संघ-संगठनको सम्बन्ध निकै दरिलो छ ।[४२] नेपाली समाजमा तुलनात्मक हिसाबले बढी "विश्वास गरिएको/पत्याइएको" समुदाय पनि शिक्षक समुदाय नै हो ।[४३] यसका साथै, राजनीतिक दल र व्यवस्थापिका संसद्मा समेत शिक्षक वा यसका संघ-संगठनको पृष्ठभूमि भएका राजनीतिकर्मीको राम्रै उपस्थिति छ । यी सबैबारे जानकार नेपालका राजनीतिक दल हतपति शिक्षकले उठाएका मागलाई बेवास्ता गरी अघि बढ्न चाहँदैनन/सक्दैनन् । सम्भवत: यिनै कारणले गर्दा व्यवस्थापिका संसद्बाट शिक्षकले चाहे जसरी शिक्षा ऐन नवौँ संशोधन गराउन शिक्षकहरूले सफलता पाएका हुन् ।

तेस्रो, नागरिकहरूले पेसागत हकहितका लागि स्थापना गरेका संघ-संगठन प्रभावशाली हुँदैमा "सार्वजनिक हित" भइहाल्छ भन्ने तर्क संशयको घेरा बाहिर छैन । पेसागत हकहित वा सुरक्षाका नाममा त्यस क्षेत्रमा सक्रिय प्रभावशाली नागरिक समाजले दीर्घकालीन प्रभाव पार्ने सार्वजनिक महत्त्वका सामाजिक मुद्दा (जस्तै विद्यालय शिक्षाको सुधार) लाई कसरी

[४०] विश्व बैंक र एसियाली विकास बैंकका लगानी तथा सहयोगमा सञ्चालित शिक्षा सम्बन्धी परियोजनाहरूप्रति शिक्षकहरूको अन्तर्राष्ट्रिय छाता संगठन "एजुकेशन इन्टरनेशनल" ले समेत आलोचना (विरोध समेत) गरेको देखिन्छ । यसबारे हेर्नुहोस्, फन्टडेभिला र भर्गर (सन् २०१५) ।

[४१] शिक्षक संघ-संगठनमा आबद्ध हुने शिक्षकको संख्या सम्बन्धित संघ-संगठनले प्रकाशित गरेका सामग्रीमा आधारित छ ।

[४२] शिक्षकहरूको अन्तर्राष्ट्रिय छाता संगठन "एजुकेशन इन्टरनेशनल" बारे हेर्नुहोस्, www.ei-ie.org/

[४३] एक अध्ययनले नेपालीले आफ्नो परिवारभन्दा बाहिर सबैभन्दा बढी विश्वास शिक्षकलाई गरेको देखाएको छ (राजेन्द्र दाहाल २०७३) ।

ओझेलमा पार्छन् भन्ने उदाहरण पनि शिक्षा ऐनका पछिल्ला संशोधन हुन् । शिक्षा ऐनमा भएका पछिल्ला संशोधन र त्यसको प्रक्रियालाई नजिकबाट हेर्दा यी संशोधन "राजनीतिक नेतृत्व, पेसागत संघ/संस्था र राज्य" मिलेर विद्यालय शिक्षा क्षेत्रमा गरेको नीतिगत "अनियमितता/भ्रष्टाचार" हो भन्न सकिन्छ ।[४४] त्यसैले सार्वजनिक क्षेत्र (शिक्षा/स्वास्थ्य) मा हुने अनियमिततालाई केवल आर्थिक लेनदेन वा कानूनी अख्तियार दुरुपयोगको सीमित घेरा भित्रबाट मात्र नबुझी यस्तो अनियमितता कसरी नीति र कानूनको संशोधनद्वारा गरिएको हुन्छ भन्ने समेत यो लेखले उजागर गर्छ ।

पेसाप्रति समर्पित सबल शिक्षक संगठन नागरिक समाजका बलिया आधार हुन् । यिनीहरूले सार्वजनिक शिक्षाको विस्तार र विकासमा महत्त्वपूर्ण भूमिका खेल्न सक्छन् (मेयर सन् २००१) । नेपालमा शिक्षक संघ-संगठन संस्थागत रूपमा बलिया छन्, राजनीतिक रूपमा अभ्यस्त छन् र राज्य संयन्त्र तथा राजनीतिक दलमा उनीहरूको सहज पहुँच छ । आफ्नो पेसागत हकहित एवं नेपालको लोकतान्त्रिक आन्दोलनमा शिक्षक संघ-संगठनको भूमिका महत्त्वपूर्ण देखिए पनि सार्वजनिक शिक्षाको सुधारमा भने उनीहरू सधैँ कमजोर/विवादास्पद देखिएका छन् । यसले नेपालमा नागरिक समाज र "स्वार्थ समूह" बीच पातलो एवं लचकदार रेखा छ र यो रेखा परिस्थिति अनुरूप परिवर्तन भइरहन्छ भन्ने देखाउँछ ।[४५] शिक्षा ऐनका पछिल्लो संशोधनमा उनीहरूको प्रयत्नलाई यसै सन्दर्भमा बुझ्नु पर्छ । नागरिक समाजका अंग (यहाँ शिक्षक र तीनका पेसागत संघ-संगठन) प्रभावशाली हुँदैमा सामाजिक क्षेत्र (उदाहरण सार्वजनिक शिक्षा) उन्नत/गतिशील भइहाल्छ र सधैँ यसले सही रूपमा नै काम गर्छ भन्ने कुनै निश्चितता भने छैन । विद्यालय सञ्चालन प्रक्रिया—विशेष गरी शिक्षकको नियुक्ति, सरुवा र बढुवा जस्ता विषयमा शिक्षकका पेसागत संघ-संगठनको भूमिका के रहन्छ भन्नेबारे यस लेखमा अध्ययन गरिएको छैन । यो विषयलाई समेत भविष्यमा अध्ययन गर्नु जरुरी छ ।

## कृतज्ञता

यो लेखको विभिन्न मस्यौदा पढेर सुझाव दिनुहुने राजेन्द्र दाहाल, प्रत्यूष वन्त, वन्दना ज्ञवाली, लोकरञ्जन पराजुली, रुख गुरुङ र हर्षमान महर्जनलाई धन्यवाद । सम्पादन गरिदिनुहुने

[४४] यसो भनिरहँदा लामो समयसम्म अस्थायी शिक्षकहरूमाथि राज्यले गरेको उपेक्षाको समर्थन गर्न खोजिएको भने होइन । अस्थायी शिक्षकलाई न्यायपूर्ण हिसाबले व्यवस्थापन गर्न राज्य असफल भएको तर्क मात्र यहाँ गर्न खोजएको हो ।

[४५] सन् २००९ मा युरोपमा नागरिक समाज सम्बन्धी भएको एक सर्वेक्षणमा "जनरल इन्ट्रेस्ट ग्रुप" लाई नागरिक समाज भन्न सकिने बताइएको थियो । यसबारे हेर्नुहोस कोह्लेर-कोच र कुइटकट (सन् २००९) ।

देवराज हुमागाईं तथा अध्ययनका क्रममा आवश्यक सामग्री उपलब्ध गराउन सहयोग गर्ने सहकर्मी रुख गुरुङ र अमन गारूप्रति पनि आभार व्यक्त गर्दछु । साथै, डेनमार्कको विदेश मन्त्रालयको आर्थिक सहयोग तथा डानिडा फेलोशिप सेन्टरद्वारा कार्यान्वित एवं मार्टिन चौतारी, काठमाडौँ विश्वविद्यालय तथा आर्हुस विश्वविद्यालय (डेनमार्क) को सहकार्यमा सञ्चालित शिक्षा सम्बन्धी परियोजनाका लागि गरिएको स्थलगत अनुसन्धानबाट प्राप्त कतिपय तथ्य/सूचना समेत यो लेखमा परेका छन् । यसका लागि डेनमार्कको विदेश मन्त्रालय र डानिडा फेलोशिप सेन्टरप्रति कृतज्ञ छु ।

## सन्दर्भ सामग्री

अधिकारी, राधेश्याम । २०७३ । शिक्षा ऐन संशोधन : कमजोरीका ७ बुँदा । *शिक्षक* ९९ : ३२ ।

अन्नपूर्ण पोष्ट । २०६० । शिक्षकले शिक्षा ऐन र नियमावली जलाउने । पुस ११, पृ. ४ ।

अन्नपूर्ण पोस्ट् । २०७३ । चारबुँदे माग राख्दै अस्थायी शिक्षक आन्दोलनमा । http://annapurnapost.com/news/63490 मा उपलब्ध; माघ १०, २०७६ मा हेरिएको ।

अर्याल, माधव । २०६९ । शिक्षक राजनीतिमा सक्रिय : विद्यालयको पढाइ प्रभावित । *कान्तिपुर*, असार ९ । https://ekantipur.com/printedition/2012/06/23/273353.html मा उपलब्ध; माघ १०, २०७६ हेरिएको ।

उपाध्याय, आमोदप्रसाद । २०६४ । यसरी आयो विश्व बैंक । *शिक्षक* १(२) : ३३ ।

एकीकृत अखिल नेपाल शिक्षक संगठन । २०७५ । *शिक्षक आह्वान : पाँचौँ राष्ट्रिय सम्मेलन विशेषाङ्क* । काठमाडौँ : एकीकृत अखिल नेपाल शिक्षक संगठन ।

कान्तिपुर । २०६४क । व्यवस्थापन फिर्ता माग । मंसिर १०, पृ. ५ ।

कान्तिपुर । २०६४ख । स्कूल बन्द । पुस ७, पृ. ४ ।

कान्तिपुर । २०६४ग । दरबन्दी फिर्ता हुने । पुस ११, पृ. ४ ।

कान्तिपुर । २०६४घ । २३ विद्यालय समुदायमा । पुस २४, पृ. ५ ।

कान्तिपुर । २०७४क । शिक्षा संशोधन ऐन फिर्ता गर्न संयुक्त विद्यार्थी संगठनको माग । असोज ६, पृ. १ ।

कान्तिपुर । २०७४ख । योग्य शिक्षकलाई ढोका बन्द गरेर शिक्षा ऐन संशोधन । भदौ १६ । www.ekantipur.com/news/2017/09/01/20170901072956.html मा उपलब्ध; माघ १०, २०७६ मा हेरिएको ।

कान्तिपुर । २०७४ग । विज्ञहरूको राष्ट्रपतिलाई सुझाव– 'शिक्षा ऐनको संशोधन घातक छ, प्रमाणीकरण नगरियोस्' । असोज १० । https://ekantipur.com/

news/2017/09/26/20170926201244.html मा उपलब्ध; माघ ५, २०७६ मा हेरिएको ।

कुँवर, तिलक । २०७३ । शिक्षक मैत्री संशोधन । *शिक्षक* ९९ : ३४–३५ ।

कुँवर, तिलक । २०७४ । ९औँ संशोधन हाम्रो माग नै थिएन । *शिक्षक* ११५ : ३८–३९ ।

कुँवर, तिलक । २०७५ । शिक्षकको आन्तरिक परीक्षा : उपलब्धि र अवसर । www.educationpati.com/ktulaksir मा उपलब्ध; पुस २४, २०७६ मा हेरिएको ।

कैनी, सुदिप । २०७४ । विद्यार्थी संगठनद्वारा शिक्षा ऐनको नवौँ संशोधन खारेज गर्न माग । *कान्तिपुर*, चैत २२, पृ. ३ ।

क्षेत्री, रोशन गाउँले । २०७३ । अस्थायी शिक्षक आन्दोलन : भ्रम र यथार्थ । www.educationpati.com/ashthaiteacher मा उपलब्ध; पुस २१, २०७६ मा हेरिएको ।

गौतम, विजय । २०७४ । शिक्षा ऐन संशोधन : शिक्षामन्त्रीको अपराध । www.onlinekhabar.com/2017/10/631609 मा उपलब्ध; पुस २०, २०७६ मा हेरिएको ।

घिमिरे, सुदर्शन । २०६४ । समुदायमा विद्यालय व्यवस्थापन हस्तान्तरण : आकर्षण र आपत्ति । *शिक्षक* १(२) : २६–३२ ।

दाहाल, राजेन्द्र । २०७३ । सबै शिक्षकलाई बधाई । *शिक्षक* १०८ : ६ ।

दाहाल, राजेन्द्र । २०७४ । अस्थायीका नाममा अन्याय । *शिक्षक* ११४ : २ ।

दाहाल, रामजी । २०७३ । आउला त शिक्षा नियमावली । *शिक्षक* १०६ : २६–२८ ।

दाहाल, रामजी । २०७४ । अस्थायी शिक्षकका समस्या निल्ने कि ओकल्ने ? *शिक्षक* ११४ : २८–३२ ।

देवकोटा, सविना । २०७५ । अस्थायी शिक्षक व्यवस्थापनको सकस । www.himalkhabar.com/news/10719 मा उपलब्ध; माघ ३, २०७६ मा हेरिएको ।

नेपाल, प्रदिप । २०६५ । शिक्षा : तीतामिठा सम्झनाहरू । *शिक्षा* । हरिबोल खनाल र अरू, सं., पृ. १–३ । भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

नेपाल कानून आयोग । २०५८ । *शिक्षा ऐन (सातौँ संशोधन), २०५८* । काठमाडौँ : नेपाल कानून आयोग ।

नेपाल शिक्षक संघ । २०७४ । *शिक्षक आवाज* । काठमाडौँ : नेपाल शिक्षक संघ ।

पराजुली, लोकरञ्जन, देवेन्द्र उप्रेती र रुख गुरुङ । २०७६ । *नेपालका सामुदायिक विद्यालय : विद्यालय सञ्चालन प्रक्रिया सम्बन्धी सर्वेक्षण* । काठमाडौँ : मार्टिन चौतारी ।

पाण्डे, निर्मलप्रसाद । २०५८ । *विद्यालय शिक्षाको प्रस्तावित कार्यनीति र कार्ययोजनाको अवधारणापत्र : शिक्षा सम्बन्धी उच्चस्तरीय कार्यसमितिको प्रतिवेदन, २०५८* । काठमाडौँ : शिक्षा सम्बन्धी उच्चस्तरीय कार्यसमिति ।

पौडेल, अनोमलमणि । २०६८ । सामुदायिक विद्यालय : अति राजनीतिकरणले आक्रान्त । *कान्तिपुर,* असार २५, पृ. ६ ।

बिडारी, रामनारायण । २०७४ । संसदीय प्रणालीको समस्या । *शिक्षक* ११५ : ३४ ।

बीसी, लालबहादुर । २०७३ । शिक्षक र शिक्षा ऐन : राजनीति गर्न किन नपाउने ? *शिक्षक* ९९ : ३३ ।

भट्टराई, केशवप्रसाद । २०६४ । पहिला सहमति अनि हस्तान्तरण । *शिक्षक* १(२) : ३४–३६ ।

माली, प्रशान्त । २०७३ । ३ प्रतिशत शिक्षक राजनीतिमा सक्रिय । https://ekantipur.com/news/2017/02/18/20170218192420.html मा उपलब्ध; माघ ३, २०७६ मा हेरिएको ।

मार्टिन चौतारी । २०७६ । *संघीय व्यवस्थामा स्थानीय सरकार र विद्यालय शिक्षा* । शोध-संक्षेप २८ । काठमाडौँ : मार्टिन चौतारी ।

लम्साल, हरिप्रसाद । २०७४ । ९औँ संशोधनको वास्तविकता । *शिक्षक* ११५ : ३६–३७ ।

वाग्ले, मनप्रसाद । २०७४ । शिक्षकको प्रतिष्ठामा आँच पुग्यो । *शिक्षक* ११५ : ३१ ।

विश्वकर्मा, बाबुराम । २०७३ । भएजति शिक्षक पार्टीका पिछलग्गू । www.nepalmag.com.np/news/2016-09-25/20160925160716.html मा उपलब्ध; नोभेम्बर २०, २०१९ मा हेरिएको ।

व्यवस्थापिका संसद् । २०७४ । *व्यवस्थापिका संसद् तेस्रो अधिवेशन (कार्यवाहीको सम्पूर्ण विवरण, २०७४, बैठक संख्या ५५, ३ असोज २०७४)* । सिंहदरबार : व्यवस्थापिका संसद् सचिवालय ।

शर्मा, शोभा । २०७४ । तीन सांसद जो 'प्रतिगामी' कानूनको विपक्षमा उभिए । www.setopati.com/politics/89893 मा उपलब्ध; पुस २०, २०७६ मा हेरिएको ।

Basnet, Chudamani. 2012. Three Faces of Civil Society Activism in Nepal. *New Angle* 2(1): 13–22.

Beteille, Tara, Geeta Gandhi Kingdon and Mohammad Muzammil. 2017. Teachers Unions in India: Diverse and Powerful. In *The Comparative Politics of Education: Teachers Unions and Educations Systems around the World.* Terry M. Moe and Susanne Wiborg, eds. pp. 239–268. Cambridge: Cambridge University Press.

Bhatta, Pramod. 2005. Decentralization of Primary Education in Nepal. *Studies in Nepali History and Society* 10(1): 3–38.

Bhatta, Pramod. 2011. Aid Agency Influence in National Education Policy-making: A Case from Nepal's 'Education for All' Movement. *Globalisation, Societies and Education* 9(1): 11–26.

Carney, Stephen and Min Bahadur Bista. 2009. Community Schooling in Nepal: A Genealogy of Education Reform since 1990. *Comparative Education Review* 53(2): 189–211.

Carney Stephen, Min Bista and Jytte Agergaard. 2007. 'Empowering' the 'Local' through Education? Exploring Community Managed Schooling in Nepal. *Oxford Review of Education* 33(5): 611–628.

CERID (Research Centre for Educational Innovation and Development). 2009. Community Managed Schools: An Innovative Approach to School Management. Available at www.cerid.org/?s=formative&a=browse&formative_cat_id=7dfbc9249efce873074a91e88293b40e&formative_parent_id=0&title=Education+for+All+2004-09+Formative+Research+Project+2009; accessed April 20, 2020.

Clark, John D. 2008. Globalization of Civil Society. In *Critical Mass: The Emergence of Global Civil Society.* James W.St.G. Walker and Andrew S. Thompson, eds., pp. 3–25. Ontario: Wilfrid Laurier University Press.

Cowen, Joshua and Katharine O. Strunk. 2014. How Do Teachers Union Influence Education Policy? What We Know and What We Need to Learn. Available at www.educ.msu.edu/epc/library/documents/WP%2042%20How%20do%20teachers%20unions%20influence%20education%20policy.pdf; accessed April 20, 2020.

Fontdevila, Clara and Antoni Verger. 2015. The World Bank's Doublespeak on Teachers: An Analysis of Ten Years of Lending and Advice. Available at http://download.ei-ie.org/Docs/WebDepot/World_Banks_Doublespeak_on_Teachers_Fontdevila_Verger_EI.pdf; accessed May 5, 2020.

Govender, Velayudam Loganathan. 2008. Teachers' Participation in Policy Making: The Case of the South African Schools Act. PhD diss., University of Witwatersrand, South Africa.

Hecock, Douglas R. 2014. Democracy, Education Reform, and the Mexican Teachers' Union. *Latin American Research Review* 49(1): 62–82.

Kaldor, Mary. 2003. The Idea of Global Society. *International Affairs* 79(3): 583–593.

Khanal, Peshal. 2011. Teacher Management in a Decentralized School Context in Nepal Fuelling Tension and Dissent. *Compare: A Journal of Comparative and International Education* 41(6): 769–784.

Khanal, Peshal. 2012. *Transferring Ownership of Public Schools to Local Communities? An Anthropology of the Policies to Decentralise School Education in Nepal*. Saarbrücken: Lambert Academic Publishing.

Kohler-Koch, Beate, and Christine Quittkat. 2009. What is Civil Society and Who Represents Civil Society in the EU?—Results of an Online Survey among Civil Society Experts. *Policy and Society* 28(1): 11–22.

Meyer, Heinz-Dieter. 2001. Civil Society and Education: The Return of an Idea. In *Education between State, Markets, and Civil Society: Comparative Perspectives*. Heinz-Dieter Meyer and William Lowe Boyd, eds., pp. 13–34. New Jersey: Lawrence Erlbaum Associates.

Meyer, Heinz-Dieter and William Lowe Boyd, eds. 2001. *Education between State, Markets, and Civil Society: Comparative Perspectives*. New Jersey: Lawrence Erlbaum Associates.

Moe, Terry E. 2003. Reform Blockers. *Education Next* 3(2): 1–6.

Moe, Terry E. 2011. *Special Interest: Teachers Unions and America's Public Schools.* Washington D.C.: Brookings Institutions.

Moe, Terry E. 2017. Teachers Unions in the United States: The Politics of Blocking. In *The Comparative Politics of Education: Teachers Unions and Educations Systems around the World.* Terry M. Moe and Susanne Wiborg, eds. pp. 24–55. Cambridge: Cambridge University Press.

Poudyal, Chandra Sharma. 2015. Neo-liberal Educational Reform and the Role of Teachers' Union in the Context of Private Schools in Nepal: Possibility or Paralysis. *Policy Future in Education* 13(4): 546–558.

Ramokgotswa, Nozipho Isabel. 2015. The Role of Teacher Unions in the Appointment and Promotion of Teachers in Public Schools. MA thesis, University of Pretoria.

Rappleye, Jeremy. 2011. Catalysing Educational Development or Institutionalising External Influence? Donors, Civil Society and Educational Policy Formation in Nepal. *Globalisation, Societies and Education* 9(1): 27–49.

Regmi, Kapil Dev. 2015. The Influence of Supranational Organizations on Educational Programme Planning in the Least Developed Countries: The Case of Nepal. *Prospects: Quarterly Review of Comparative Education* 45(4): 501–514.

The World Bank. 2001. Nepal – Priorities and Strategies for Education Reform. Available at http://documents.worldbank.org/curated/en/404281468775579475/Nepal-Priorities-and-strategies-for-education-reform; accessed April 20, 2020.

The World Bank. 2003. Project Appraisal Documents on a Proposed Credit in the Amount of SDR 3.6 Million (US$ 5.0 Million Equivalent) to the Kingdom of Nepal for a Community School Support Project. Unpublished report, The World Bank, Human Development Sector Unit, South Asia Regional Office.

The World Bank. 2009. Implementation Completion and Results Report. Unpublished report, The World Bank, Human Development Sector Unit, South Asia Regional Office.

The World Bank. 2010. Project Performance Assessment Report Nepal: Community School Support Project. Sector. Unpublished report, The World Bank.

United Nations. 2004. We the People: Civil Society, the United Nations and Global Governance: Report of the panel of Eminent Persons on United Nations–Civil Society Relations. Available at www.globalpolicy.org/empire/32340-panel-of-eminent-persons-on-united-nations-civil-society-relations-cardoso-panel.html; accessed May 31, 2020.